# संघीय संसद
# राष्ट्रिय सभा
# सत्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ४ चैत्र २०८१
# सोमबार
# बैठक सङ्ख्या- १३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३१:६ बजे प्रारम्भ भयो।

(१३:१६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरुलाई १-१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१३:१६ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)ः-** सम्माननीय अध्यक्ष महोदय, नेपाली शिक्षकहरूले नेपालका हरेक राजनीति परिवर्तनका आन्दोलनमा अहम् भूमिका रहेको छ। आज लाखौं शिक्षक चक र डस्टर छोडेर आफ्ना विगतमा सरकारले गरेका सहमति र सम्झौता गरेका माग पूरा गराउन आन्दोलनमा छन्। विगतका तत्कालीन सरकारहरूले सरकारबाट पटकपटक सम्झौता गरिएको थियो। सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्ति राम्रो होइन। सम्माननीय अध्यक्ष महोदय, विगतमा सरकारले गरेका सम्झौता विद्यालय शिक्षा विधेयकमा समावेश गर्ने गरी यथाशीघ्र विद्यालय शिक्षा विधेयक

ल्याउन प्रतिबद्धताका साथ आन्दोलनरत शिक्षकहरुसँग वार्ता गरी समाधान गर्न म सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:१६ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य घनश्याम रिजाल।

(१३:१७ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, २०८१ साउन ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सौर्य एयरलाइन्सको जहाज दुर्घटना भएको थियो। त्यसमा सवार १८ जना यात्रुहरूको दुःखद निधन भएको थियो। सो दुर्घटनामा छोरी, ज्वाइँ र नाति गरी परिवारका ३ सदस्य गुमाएका पत्रकार प्रकाश खतिवडाले म लगायत प्रायः सबै संघीय सांसदहरुलाई SMS मार्फत सो जहाज उडानको सन्दर्भ त्यसमा सवार यात्रु जहाज दुर्घटना र दुर्घटना पश्चात सरकारले गठन गरेको जहाज अनुसन्धान आयोग र आयोगको प्रतिवेदनका बारेमा गम्भीर कानूनी त्रुटी औंल्याउँदै गम्भीर प्रश्नहरु उठाउनु भएको छ। विज्ञ, जानकारहरुका अनुसार उहाँले उठाउनु भएको प्रश्नहरू जायज र सही छन्। यसले नेपालको नागरिक उड्डयन क्षेत्रमा हुने लापरवाहीको भयावह चित्र सार्वजनिक गरेको छ। यस सम्बन्धमा के भएको हो? सत्यतथ्य यो सदनलाई जानकारी गराउन सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु। धन्यवाद।

(१३:१८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य पदम बहादुर परियार।

(१३:१८ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्ष महोदय, शैक्षिक वर्ष २०८१ को अन्तिम परीक्षा अहिले चलिरहेको छ। कतिको सकिएको छ। अन्तिम परीक्षा चलिरहँदा अहिले अभिभावकहरू, शिक्षकहरू र समाजको तीव्र दबाबमा बालबालिकाहरू परिरहेका छन् र बालबालिकाहरूले कतिपय अवस्थामा नराम्रा निर्णयहरू पनि गरेको चाहिँ देखिएको छ। भर्खरै मात्रै १३ वर्षीय छात्राले तनहुँमा आत्महत्या गरेको खबर आएको छ। तसर्थ म सम्माननीय अध्यक्ष महोदय मार्फत शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु कि सबै विद्यालयहरू मार्फत अभिभावकहरूको शिक्षा अभिभावकहरूलाई यस सम्बन्धी शिक्षा दिने कुरामा परिपत्र गरियोस् र सम्पूर्ण अभिभावक शिक्षकहरूसँग अपिल पनि गर्न चाहन्छु कि विद्यार्थीहरू माथि यस्तो अनावश्यक दबाब सिर्जना नगरियोस्। धन्यवाद।

(१३:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२० बजे) <u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- समाननीय अध्यक्षज्यू, हिंजो मात्रै प्रतिनिधि सभामा बोल्ने क्रममा एकजना माननीयज्यूले यौन व्यवसायलाई कानुनी मान्यता दिनुपर्ने जस्तो घोर आपत्तिजनक विषय राख्नुभएको छ। नेपाली समाजको मूल्य मान्यता विपरीत गरिमामय सदनमा यति निकृष्ट धारणा राख्ने अधिकार उहाँलाई कसले दियो? समाजमा पर्ने परिणामलाई उहाँले अलिकति पनि हेक्का नराखी गलत भाष्य स्थापित गर्न खोज्ने माननीयज्यूले अविलम्ब माफी माग्नुपर्दछ। धन्यवाद।

(१३:२० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१३:२० बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी अतिरिक्त सचिव डा. संगीता कौशल मिश्रको पदोन्नति किन भएन? मधेसी भएको कारणले? मधेसी महिला भएको कारणले? यो विषयमा सम्बन्धित मन्त्रीले आएर सदनलाई जवाफ देओस् भन्ने म माग राख्न चाहन्छु। उसै पनि मन्त्रीज्यूले जवाफ दिनुपर्ने दरकार परिसकेको छ। नेपाल सरकारका मन्त्रीहरु कहिले कर्मचारीलाई शून्य नम्बर दिएर र कहिले पदोन्नति रोकेर के गर्न खोजिराख्नुभएको छ। यसको जवाफ पनि उहाँहरुले दिनुपर्‍यो। सर्वोच्चले उहाँको यो निर्णयको बारेमा कारण देखाउ आदेश जारी गरिसकेको छ। दोस्रो कुरा करीब ८ महिना अघि साउन ९ गते काठमाडौं एयरपोर्टमा भएको सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परेको परिवारबाट प्रकाश खतिवडाले हामीलाई Message गरिराख्नु भएको छ। घटना भएको ८ महिना भइसक्यो। प्रतिवेदन किन सार्वजनिक हुँदैन? घटनाको निष्पक्ष जाँच र दोषीलाई कारवाही र पीडितलाई न्याय दिलाउनका लागि सम्मानित अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य बिष्णु कुमारी सापकोटा।

(१३:२१ बजे) मानननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्षज्यू, लोकतन्त्रको विकल्प लोकतान्त्रिक गणतन्त्र हो। केही जङ्गीनु र कोही तर्सिनु कुनै औचित्य छैन। जसका लागि ज्यानको बाजी लगाएर सडकमा उत्रिएका करोडौं नागरिकहरु आफ्ना र आफन्त गुमाएका बेपत्ता र अपाङ्गता पारिएका परिवारका सदस्यहरु आज किन विकल्पका कुराहरु गर्न बाध्य छन्। यस प्रश्नको उत्तर तपाईं हामीहरु हौं। जो पालैपालो सरकारको नेतृत्व गरिरहेका छौं। राजनीतिक दल होस् या कर्मचारीतन्त्र जो कसैले पनि ममः गर्दा हुन्छ। यस विषम परिस्थितिमा विशिष्ट व्यक्तिहरुको भत्ता र सुविधा वृद्धिका कुराहरु उठाउनु के जायज हो? यदि यो सत्य हो भने यस्ता भाष्यहरु बन्द गरियोस्। सडक पेटी र आश्रममा आश्रित अशक्त वृद्ध वृद्धाहरुको बारेमा सोचियोस्। गुणस्तरीय शिक्षा, राहत दरबन्दी, सुरक्षित पेशा र जीवनको लागि आन्दोलनमा उत्रेका शिक्षक, कर्मचारीका बारेमा नीतिगत अग्रसरताका लागि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:२२ बजे) माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय काठमाडौंको अति नै व्यस्त सडक चावहिल-बौद्ध-जोरपाटीको सडक ढलहरू राख्न भत्काएको लामो समय भइसकेको छ। निर्माण हुन सकेको छैन। त्यो सडक बिजोक अवस्थामा छ। विश्व सम्पदा सूचीमा सूचीकृत एकीकृत बौद्ध स्तुपामा दैनिक जस्तो स्वदेशी विदेशी हजारौं आउने जाने उक्त बाटोको अवस्था त्यस्तो छ। त्यसको लागि छिटोभन्दा छिटो त्यो सडकको निर्माण कार्य गराउन सम्बन्धित सदन मार्फत म सरकारको ध्यानाकर्षण गर्छु। धन्यवाद।

(१३:२३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा ।

(१३:२३ बजे) माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- अध्यक्ष महोदय, बाँके जिल्ला स्थित जयन्तु बाल बन्दीगृहमा २०८१ चैत्र १ गते राती बन्दी समूहबीच झडप

हुँदा ६ जना बन्दी सख्त घाइते भए। बन्दीले पर्खाल भत्काएर ईंट्टा प्रहार गर्दा ३ जना प्रहरी घाइते भए। आगजनी गर्दा भवनको दोस्रो तल्ला ध्वस्त भएको छ। प्रहरीबाट २ वटा बाइक कब्जा गरी बन्दी नाइकेहरुले लागू औषध भित्र्याए। यस्तो घटना पटक पटक भएको छ। गत जेष्ठ २७ गते बन्दीबिच झडप हुँदा ८ जना कैदी भागेका थिए। त्यसभन्दा अगाडि पनि ठुलो भीडन्त हुँदा ५६ जना कैदी भागेका थिए। २ जना फरार कैदी अझै फेला परेका छैनन्। सशस्त्र प्रहरी टिमको घेराभित्र रहेको बाल बन्दी गृहभित्र पटक पटक लागू औषध भित्रिरहनु प्रहरीका बाइकहरु कब्जा गरी लागू औषध ल्याइरहनु, पटक पटक भीडन्त मच्चाइरहनुमा रहस्य रहेको देखिन्छ। तत्काल दोषीमाथि कडा कारवाही गरी दिर्घकालीन समाधानको लागि नेपाल सरकाको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। लाल सलाम।

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:२४ बजे) **माननीय श्री श्रीकृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, गत फाल्गुन २५ गते पूर्व राजा ज्ञानेन्द्र शाहलाई स्वागत गर्न गएका पूर्व राजावादीहरूको जुलुसमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटो प्रदर्शन गरेर संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्य व्यवस्थाका विरुद्ध र राष्ट्रिय स्वाधीनता माथि नै आँच आउने खालका घटनातर्फ सरकारको ध्यान गएको छ कि छैन? सरकारले पूर्व पदाधिकारीहरूको सुविधा वृद्धि गर्ने विधेयक ल्याउन लागेको चर्चा के हो? सरकारको उल्टो, उल्टो उल्टो कदम र अधोगतिका कारण जनतामा निराशा र असन्तुष्टि चुलिएको मौका छोपेर धमिलो पानीमा माछा मार्ने दाउमा प्रतिगमनकारी शक्तिहरूले टाउको उठाउने जमर्को गर्दै छन्। यदि यो विधेयक ल्याउन लागेको हो भने बेमौसमको बाजा बजाउन तुरुन्त बन्द गर सरकार। धन्यवाद।

(१३:२५ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य कृष्ण प्रसाद सिटौला। समय २४ मिनेट। यसपछि माननीय सदस्य उर्मिला अर्याल।

(१३:२६ बजे) <u>माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काङ्ग्रेस)</u>:- अध्यक्ष महोदय, नेपालको राजनीतिमा केही दिनदेखि नयाँ तरङ्ग उठ्न खोजेको छ। विषय सान्दर्भिक घटनालाई लिएर मैले भन्न चाहेको छैन। कुनै घटनालाई लिएर सन्दर्भ जोड्न पनि मैले चाहेको छैन। तर २००७ सालको क्रान्तिदेखि २०६२/०६३ को आन्दोलनसम्म आइपुग्दा पटक-पटक भएका संघर्ष, क्रान्ति, आन्दोलनहरुमा सहादत प्राप्त गर्ने सबै सहीदहरुलाई यसपटक फेरि हामीले स्मृतिमा राखेर एउटा दृढ सङ्कल्पका साथ हामी जनताको पक्षमा जनताको अधिकारको पक्षमा, यो परिवर्तनको पक्षमा उभिने बेला आएको छ जस्तो मलाई लागेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको संवैधानिक व्यवस्थामा छौं हामीहरु अहिले। हामीले यो व्यवस्था ल्याउनको लागि परिवर्तनकारी शक्तिहरु सबै एक ठाउँ बसेर यो संविधान रचना गरेका हौं। ठुला क्रान्ति र परिवर्तनहरू नेपालका सबै राजनीतिक दलहरूको एकीकृत प्रयासबाट सम्भव भएको छ। हामी संयुक्त रूपले कहिले कार्यगत एकताका आधारमा, कहिले सिधै कार्यक्रमका आधारमा हामीहरू अगाडि बढेका छौ नेपालमा। हामीभन्दा अहिले हामी जति छौं नेपालको राजनीतिक दलहरूमा दलका नेताहरुमा सांसदहरूमा हामी जति छौं, यहाँभन्दा अगाडि धेरै मानिसले, नेताहरुले, धेरै ठुलो कुर्वान गरेका छन्। धेरै ठुलो त्याग, तपस्या र बलिदान दिएका छन्। त्यसै यो व्यवस्था प्राप्त भएको होइन। लामो संघर्षको पिरियडमा अनेक दुःखद् घटना पनि भयो नेपालमा। वीरेन्द्रको वंशनाश भयो। २०४७ सालको संविधानले त्यसबेलाको नारायणहिटी दरबारलाई संसदको मातहतमा क्याबिनेटको मातहतमा ल्याएको भए, पारदर्शी गराएको भए शायद त्यो हुँदैनथ्यो कि क्याबिनेटको जिम्मेवारीमा राखेको भए भन्ने पनि अनेक तर्क उठ्छन् अहिले। त्यो स्वाभाविक छ। तर २०४७ सालको संविधानले राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, युवराजको घोषणा गर्ने ऐन र दरबारको प्रशासन राजाको स्वविवेकमा बन्ने नै थियो। संविधानले व्यवस्था गरेकै त्यही थियो। एउटा कम्प्रोमाइज नै थियो त्यसबेलाको। तर दरबारभित्रको त्यो दुःखद् घटना एउटा परिवारको वंशनाश त्यो पनि राजाको परिवारको वंशनाशको घटना त्यसबेलाको दरबार प्रशासनले नै जान्ने कुरा भयो। त्यसबेलाकै दरबारका सदस्यहरुले जान्ने कुरा भयो। त्यसबेलाको सरकार उत्तरदायी हुनसकेन। जवाफदेही बन्न पनि सकेन। स्थिति पनि थिएन। संवैधानिक प्रबन्ध पनि थिएन। कानुनी जिम्मेवार पनि थिएन। ती अनेकौं घटनाहरु हुँदै हामीहरु आज संघीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दा यो नयाँ संविधान जारी भएको यतिका वर्षसम्म आइपुगेपछि अहिले आएर हामीले वार्ता गरेर स्वयं म आफै प्रधानमन्त्रीको प्रतिनिधिको रूपमा गएर तत्कालीन राजा ज्ञानेन्द्रसँग लामै संवाद गरेको करीब १ घण्टा। उहाँलाई बडो सम्मानका साथ उहाँलाई हामीले निवासको पनि प्रबन्ध गरेर पठायौं। सुरक्षा पनि प्रबन्ध हुन्छ भनेर ग्यारेण्टी गरेको हो त्यसबेलाको

क्याबिनेटको डिसिजनबाट। तर अहिले आएर मै केही गर्छु भनेर गाडीमा उभिएर ताली खाँदै र ताली दिँदै हिँड्नु शोभनीय विषय भएन। म यो राष्ट्रिय सभाबबाट हामीले बाहिर पठाएका राजालाई पनि सम्मान दिएका छौं। त्यो सम्मानलाई उहाँले ग्रहण गरिराख्नु उचित हुन्छ। होइन भनेदेखि उहाँले भन्न सक्नुपर्छ जनतासामु उहाँले भन्न सक्नुपर्छ। म अब राजनीतिक खेलाडीको रुपमा आए मैदानमा भनेर भन्न सक्नुपर्छ। उहाँले देशको मेरो नीति, कार्यक्रम यो हो भनेर दलहरुजस्तै प्रस्तुत हुनसक्नुपर्छ। तर राजा आउँछ है भन्ने सन्देश दिएर सर्वसाधारण जनतालाई भड्काउने जुन काम भएको छ। र त्यसमा हामी परिवर्तनकारी राजनीतिक दलहरुको जुन म मौनता त भन्दिन, जुन किसिमको दृढता हुनुपर्ने हो त्यो मैले देखिराखेको छैन। त्यसैले आज मैले यो कुरा उठाएको छु। हामी सबै राजनीतिक दलहरु जे जति छौं- यो परिवर्तनको पक्षमा। यो संविधानको मूलभूत यसका विषयहरूको पक्षमा। हामी एकताबद्ध भएर फेरि एकपटक उभिने बेला हो। म सर्वप्रथम यो कुरा राख्न चाहन्छु। साथै म यो कुरा उठाउन चाहन्छु। अहिलेका मुख्यतया सत्ता पक्षमा रहेका मेरै पार्टी, एमाले पार्टी र स्वयम् विपक्षमा रहेको मुख्य प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र समेतलाई म कुरा उठाउन चाहन्छु। संविधान जारी भइसकेपछि यहाँसम्म आइपुग्दा हामी विभिन्न समयमा सरकारको नेतृत्व हामीले गरेकै छौं। आलोपालो जस्तै भएर पनि गरेका छौं। त्यो संविधानको कार्यान्वयनबाट हामीले जनतालाई के कति उपलब्धि दिन सक्यौं। यो संविधानले ल्याएका मूल संरचना यसको मौलिक पक्षको वास्तविक कार्यान्वयन हुन सक्यो कि सकेन? हामीले एकपटक समीक्षा गर्ने बेला भएको छ। मैले राष्ट्रियसभामा आएको प्रारम्भिक दिनमा नै यो कुरा उठाएको थिएँ। संविधानको कार्यान्वयनको समीक्षा गरौं। संघीयताको समीक्षा गरौं। समावेशी लोकतन्त्रको समीक्षा गरौं। हामीले यसलाई सही ढङ्गले प्रयोग गरेका छौं कि छैनौं जनताको हितमा? हामीले यो नयाँ संविधानबाट जनताको स्वास्थ्यमा, जनताको शिक्षामा, जनताको आवासमा, पिउने पानीमा, पछाडि परेको वर्गका लागि, अपाङ्गता भएका मानिसहरूको लागि, दलित समुदायको लागि, महिलाहरुको लागि, पिछडिएको क्षेत्रको लागि, आदि। हामी जे जति गर्छौं भनेर मौलिक हकको रुपमा प्रत्याभूत गर्‍यौं संविधानबाट अधिकार प्रदान गर्‍यौं संविधानसभाले संविधान बनाएर ती अधिकारहरू प्रचलनमा ल्याउन हामीले सकेका छौं कि छैनौं? यसको गम्भीर, निर्मम समीक्षा गर्ने बेला भएको छ। राज्य सञ्चालन त्रुटिका कारणले छ अथवा संविधानमा नै केही कमी कमजोरी छ? हामीले यसको गम्भीर समीक्षा गर्नुपर्छ र जनताको हितमा आवश्यकता छ भने संविधान संशोधन गर्न हामी तयार हुनुपर्छ। हामीले कुरा उठाएका छौं- यो नयाँ सरकार बनेकै अवस्थामा। प्रारम्भिक दिनमा नै सम्झौता भएको छ- संविधान संशोधन गर्छौं तर केमा? संशोधन कसका लागि? र किन? र किन किन आवश्यक पर्‍यो? कहाँनेर आवश्यक पर्‍यो? हामी आफैंले संघीयताको कार्यान्वयन नगरेको अवस्था हो? अथवा संघीयताको कार्यान्वयन गरेर पनि

हाम्रा तहगत सरकारहरूले काम गर्न नसकेको हो। स्थानीय सरकारले, प्रदेश सरकारले, संघीय सरकारले? यो बारे हाम्रो गम्भीर समीक्षा हुन आवश्यक छ। हाम्रो अहिलेको राज्य प्रणालीमा संसद छ, सरकार छ, न्यायपालिका छ, संवैधानिक निकायहरू छन्, संवैधानिक जाति आयोगहरू छन्। यी सम्पूर्ण संवैधानिक प्रबन्धले के गरिराखेको छ जनताका लागि। संविधानले प्रबन्ध गरेका जाति आयोगहरुले संसदलाई के सुझाव दिइएको छ, सरकारलाई के सुझाव दिइएको छ। धेरै जातीय आयोगहरु छन्, थारु आयोग छ। मुस्लिम आयोग छ। मधेशी आयोग छ। दलित आयोग छ। थुप्रै आयोगहरु छन्। हामीले १० वर्षमा त्यसको पिरियोडिक पुनरावलोकन गर्छौं भनेका पनि छौं संविधानभित्रैबाट भनेका छौं। यी समग्र विषयमा हामीले एकपटक पुनरावलोकन Review, समीक्षा जे शब्द राखौं हामीहरु, गर्ने बेला भयो भन्ने मलाई लागेको छ। त्यसैले म यो अध्यक्ष महोदय यो संसदमार्फत सबै राजनीतिक दलहरूको ध्यान यसतर्फ म आकृष्ट गर्न चाहन्छु। हामीले बहुत् धेरै ठुलो संघर्षको नेतृत्व हामीले गर्‍यौं। जनता संघर्षमा होमिए। बहुत् ठुलो त्याग, तपस्या, बलिदान भएको छ। बहुत ठुलो रक्तपात भएको छ मुलुकमा। म त्यसतर्फ प्रवेश गरिराख्न चाहन्नँ। समय बिताउन चाहन्नँ। तर स्वयम् हामी आफैले पनि राज्य सञ्चालन गर्दा जनताको हितमा कति काम गर्न सक्यौं? गर्न सकेका कुरा हामीले प्रष्ट भन्न सक्नुपर्छ जनताको माझमा। गर्न नसकेका कुरा यो कारणले गर्न सकिएन भनेर हामीले प्रष्टसँग भन्न सक्नुपर्छ। यसका लागि संविधान कार्यान्वयनको एकपटक हामीले पुनरावलोकन अथवा समीक्षा जे भन्छ हामी गरौं। र आवश्यकता परे बमोजिम त्यसपछि संविधान संशोधन गरौं। र देशलाई पछाडि फर्काउने होइन देशलाई अगाडि द्रुत गतिमा लिएर जानको लागि जे गर्नपर्छ त्यो काम गरौं भनेर म यहाँ कुरा राख्न चाहन्छु। अहिले धेरै हाम्रा साथीहरू हामीहरू आफैं पपुलिस्ट कुरामा, पपुलिजममा धेरै विश्वास गर्न थालेका छौं। धेरै पपुलिजममा। संसदले भ्रष्टाचारको छानबिन गरोस् समिति बनाएर अथवा यस्तो प्रकारको आयोग बनाओस् यस्तो गरौं भनेर। के संविधानले व्यवस्था गरेको छैन? यो संविधानले व्यवस्था गरेको छ कि छैन। हामीले एकपटक हेर्नपर्छ। भ्रष्टाचार सम्बन्धी विषयमा भ्रष्टाचार नियन्त्रण र कारवाही सम्बन्धी विषयमा संविधानले प्रष्ट प्रबन्ध गरेको छैन त्यो निकायले काम गर्न सक्यो कि सकेन? त्यो निकायले काम गर्न सकेन भने संविधान संशोधनको विषय बन्छ। त्यो निकायले काम गर्न सकेको छ भने त्यसलाई निरन्तरता हामीले दिनुपर्छ। त्यसको क्षमतामा कमजोरी भयो भने क्षमता त्यसलाई हामीले बढाउन सक्नु पर्दछ। प्रश्न त न्यायपालिका सम्बन्धमा पनि उठेको छ। आजै मात्र अनलाइनमा एउटा मैले पढेको थिएँ। अनेकौं टिप्पणी न्यायपालिकाको बारेमा भएको छ। न्याय माग्न जानेहरूले विश्वास गर्न छोडेका छन्। मान्छे दायाँ बायाँ गरेर हिंड्न थालेका छन्। यस्तो कुरा हुन थालेको छ। त्यसैले यो संविधानले न्यायपालिका स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रहन्छ। न्याय समयमा सम्पादन गर्छ भनेर

जुन परिकल्पना गरेको छ Preamble बाटै र न्यायपालिकाको रचना गर्ने सन्दर्भमा न्यायपालिका संघीयतामा गएको छैन। न्यायपालिका एकीकृत नै छ। सर्वोच्च अदालतले गरेको निर्णय नजिरको रुपमा देशभरका अदालतले मान्नुपर्छ। उच्च अदालतले, सुरु अदालतहरुले मान्नुपर्छ। तर स्वयम् सर्वोच्च अदालतले यही किसिमले न्याय क्षेत्रलाई Drive गर्न सकेको छ कि छैन? सकेको छैन भने किन? कारण के? के यसले पनि संविधानको संशोधन खोज्छ? के यसले पनि कानुनको पुनरावलोकन खोज्छ? स्वयम् न्यायपालिकाले जे जुन कानुन पाएको छ र जुन न्यायसम्पादन गर्ने अधिकार पाएको छ। संसदले बनाएको कानुनसम्म उसले Review गर्ने अधिकार पाएको छ। जाँच्ने अधिकार पाएको छ। संविधान विपरित भयो भने Void गर्ने अधिकार पाएको छ संविधानबाट। त्यत्रो अधिकार प्राप्त गरेको अदालतकाप्रति पनि यति धेरै टिप्पणी हुन्छ आज किन? राजनीतिकरण भएको छ। व्यापक टिप्पणी आएको छ। न्याय सम्पादन सही तरिकाले भएको छैन। व्यापक टिप्पणी आएको छ।यस बारेमा पनि समग्रमा मेरो भनाई कुरा चाहिँ हामीले संसदले नयाँ संविधानपछि बनेका संसदले, प्रदेश सभाहरुले, स्थानीय सभाहरुले, तीनै तहको सरकारले हामीलाई संविधानले जे जति अधिकार दिएको थियो तहगत सरकारहरुलाई त्यो अधिकार बमोजिम जनताको हितमा काम गर्न हामी कति सक्यौं? कति सकेनौं? सक्यौं भने के के सक्यौं? सकेनौं भने के के गर्न सकेनौं? कारण के हो। त्यसको एकपल्ट खोजी गरेर हामीले संविधानलाई आवश्यकता पर्‍यो भने संशोधन गर्नुपर्छ र यसमा अब ढिलाई गर्न हुँदैन। यतिन्जेलको कार्यान्वयनको समीक्षा वा पुनरावलोकन जे भनौं त्यो गर्न अब ढिलाई गर्न हुँदैन भन्ने म यहाँबाट विचार राख्न चाहन्छु र यसतर्फ अध्यक्ष महोदयमार्फत सबै राजनीतिक दलहरुको ध्यानाकृष्ट गर्न चाहन्छु। एउटा कुरा छ- पपुलिस्ट कुरा गरेर ताली खान सजिलो छ। तर संविधानवादको सिद्धान्तलाई मूल आधार मानेर संविधानलाई विकासको पद्धतिमा लिएर गएर लोकतन्त्रलाई संस्थागत गर्ने, लोकतान्त्रिक शासन पद्धतिलाई संस्थागत गर्ने त्यसको माध्यमबाट जनतामा निहित सार्वभौमसत्ता, राजकीय सत्तालाई सदैव अक्षुण्ण राख्ने विषय त्यति सजिलो विषय हुन्न। हठात् परिवर्तन ल्याउन सकिन्छ ठुलो क्रान्तिद्वारा। तर क्रान्तिबाट आएका उपलब्धिहरुलाई जोगाउनको लागि क्रमिक रुपले क्रमिक रुपले त्यसलाई जोड्दै मिलाउँदै हिँड्न सक्नुपर्छ। त्यो एउटा कौशलतापन हो राज्य संचालकहरुको। त्यसैले संसद संचालन पनि राज्य संचालन हो Broad Concept मा भन्दैछु मैले राज्य संचालनको भनेर। यहाँ सरकारलाई मात्रै इङ्गित गरेर भनिराखेको छैन। तीन तहको सरकारलाई मात्र भनेको छैन भनिरहेको छैन समग्रमा भनिराखेको छु। स्वयं संसद, सरकार, न्यायपालिका, सबै संवैधानिक निकायहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग समग्रमा हामीले राम्ररी विचार गर्नुपर्ने बेला भएको छ र देशले मागेजस्तै गरीकन

लोकतन्त्र र लोकतान्त्रिक शासन पद्धतिका मूल्य मान्यतामा रहेर संघीय लोकतान्त्रिक गणतन्त्रका मूल मान्यतामा आधारित भएर त्यसको Foundation मा हामीले एकपटक सोंचेर त्यसलाई अगाडि बढाउने नयाँ ढङ्गले अगाडि बढाउने आँट गर्नुपर्छ भन्ने मलाई लागेको छ। म अर्को एउटा बुँदागत रुपमा उठाउन चाहन्छु। माओवादी सशस्त्र द्वन्द्व थियो। माओवादी साथीहरु यसलाई जनयुद्ध नै भन्न रुचाउनु हुन्छ। हामीले यसलाई द्वन्द्व भन्नुपर्छ भनेर हामीले सहमति गरेका छौं। विस्तृत शान्ति सम्झौतामा त्यही शब्द छ। १२ बुँदे समझदारीपछि नेपालको राजनीतिक विकास क्रम नयाँ ढंगले विकसित भएको हो। १२ बुँदे समझदारी गर्दा त्यसबेला ७ राजनीतिक दल हामी एकातिर थियौं र माओवादीका एकातिर थियो। १२ बुँदे समझदारी तयार गर्दा कांग्रेस र एमालेका शीर्ष नेताहरु हुनुहुन्थ्यो। गिरिजा प्रसाद कोइराला हुनुहुन्थ्यो। यता एमालेबाट माधव नेपाल, केपी ओली हुनुहुन्थ्यो। प्रचण्ड, बाबुरामजीहरु हुनुहन्थ्यो, नारायणकाजी हुनुहुन्थ्यो। त्यसबेला नेपालका सबै प्रजातन्त्रवादी र लोकतन्त्रवादी शक्तिहरु एकठाउँ बसेर एउटा नयाँ युगको शुरुवात गरौं नेपालमा भनेर हामीले अगाडि बढेकै हौं। संविधानसभाबाट नयाँ संविधान निर्माण गरौं भनेकै हौं। अलिकति फरक धारका विषयहरु लेखिएकै हो। संसद पुनर्बहालीबाट देश अगाडि जाने अथवा सीधै संविधानसभामा जाने भन्ने विवाद थियो। लेखिएकै छ त्यसैमा। तर आन्दोलनबाट संसद पुनर्बहाली भयो र त्यसको निर्णयबाट हामी संविधानसभामा पुग्यौं। पहिलो संविधानसभाले संविधान ल्याउन सकेन। दोस्रो संविधानसभाले संविधान निर्माण गर्न सक्यो। हामी सबैको त्यो एउटा संयुक्त साझा दस्तावेज हो। हामीले त्यसबेला यही भनेका थियौं यही रोष्टममा उभिएर विधेयक मैले नै प्रस्तुत गरेको हुँ त्यसको पनि मस्यौदा समितिको सभापतिको हैसियतले। त्यसबेला भनेकै थियौं हामीले। सबै दलका नेताहरुले भन्नुभएको थियो। कुनै पनि राजनीतिक दस्तावेज संविधानले पूर्णता प्राप्त गरेको हुँदैन। तर पूर्णतातर्फ जाने दस्तावेज हुन्छ कानुन भनेर। कानुन निर्माताले कहिले पनि मैले पूर्ण गरेँ भनेर कहिले पनि अहंकार गर्दैन त्यो दम्भ मात्रै हुन्छ पूर्ण गरेँ भन्ने कुरा। तर पूर्णतातर्फ जाने ढोका खोलेको हुन्छ त्यसले। हामी लोकतन्त्र, लोकतान्त्रिक शासनपद्धति र त्यसको माध्यमद्वारा जनताको हित गर्ने ढोका हामीले खोलेका हौं। जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्तालाई संविधान हामीले सम्मत बनाएका हौं। त्यो राजनीतिक कोर्सलाई हामीले सम्झिने हो भने १२ बुँदे समझदारीदेखि संविधान निर्माणसम्मको कोर्सलाई हामीले सम्झने हो भने एउटा अर्थ निस्किन्छ हामी सबैले मिलेर समाज मिलाउनुपर्छ देश मिलाउनुपर्छ भन्ने। हामी नमिलेको भए के हुन्थ्यो १२ बुँदे समझदारीमा। हामी नमिलेको भए के हुन्थ्यो संविधान निर्माणमा? यी सबै कुराको एकपटक हामीले आफ्नो आत्मसमीक्षा गर्ने बेला भयो। संविधान निर्माणपछि यताका दिनका बाटाहरूमा हामी अलमलिएका छौं जस्तो मलाई लागेको छ। हामीले संविधान रचना गर्दा सत्ता पक्ष र प्रतिपक्ष भनेका

छौं। सत्ता बहुमतको हुन्छ अनि अल्पमतको प्रतिपक्ष हुन्छ। हामीले भनेका छौं संविधानमा प्रष्टै व्यवस्था गरेका छौं। मिलेर देश अगाडि लैजानुको अर्थ सबै सत्तामा बस्नै हुँदैन मेरो अर्थमा। मिलेर देश अगाडि लैजानुको अर्थ मूलभूत एजेण्डामा सहमति जनाउने हो। राष्ट्रको मूलभूत नीतिमा सहमति जनाउने हो। जो सरकारमा आएपनि जसको नेतृत्वमा सरकार बने पनि त्यो एजेण्डालाई नछोड्ने हो। त्यस्ता साझा एजेण्डा तयार पार्न हामीले किन सकेनौं? सकेनौं त्यसैले आज पुनर्उत्थानवादीहरु, प्रतिगामीहरु बलियो भएर सडकमा उभिन थालेको यथार्थ पनि हो।हामीले यो कुरा बुझ्न सक्नुपर्छ। हामीले बोल्दा अहिले मैले बोल्दै गर्दा जब बाहिर जान्छ। राजावादीहरुको गाली भरपुर आउँछ। गालीले ताप कति देला मसललाई(आसय ……..बुझिएन) विचारलाई। त्यसमा अप्ठ्यारो मान्नुपर्ने कुनै कारण म आफू देखिराखेको छैन। तर एउटा कुरा म के भन्न चाहन्छु भने संविधान जारी भएपछि यहाँसम्म आइपुग्दा के हामीले मिलेर देशको नीति निर्माण गरेका छौं? के हामीले मिलेर देशका मूल साझा एजेण्डा के हुन् भनेर तय गरेका छौं? हाम्रो Foreign Policy यो हो, जग्गा सम्बन्धमा यो हो? मौलिक हकको प्रचलनमा यो हो। जनताको शिक्षामा यो हो स्वास्थ्यमा यो हो के हामीले भनेका छौं। मैले अहिले फ्याट्ट यति कुरा उठ्दा मैले सोधिहालें स्वास्थ्य मन्त्रीज्यूलाई। मानिलिउँ तपाईंले स्वास्थ्य बीमाको पैसा किन नदिइराखेको भन्दा के जवाफ दिनुहुन्छ? जवाफ दिनुहुन्छ- पैसा छैन। अहिले मैले फ्याट्ट मेरै कृषि मन्त्रीलाई तपाईले मल किन नदिएको किसानलाई भन्दा के भन्नुहुन्छ- के मिलेन, के मिलेन प्रक्रिया भन्नुहुन्छ। यसरी उम्किन पाइँदैन अब हामीहरु। चाहे जो कोही होऔं। सरकार कुनै एउटा व्यक्तिको सरकार छैन। मन्त्री आफ्नो निजी मन्त्रालय छैन। हामी सबैको साझा दायित्व छ त्यहाँनिर। हामी सबैको साझा जिम्मेदारी छ त्यहाँनिर। हामी सबैले जवाफ दिन सक्नुपर्छ। हामले फलानो मन्त्रीले गरेन भनेर हामी उम्किने ठाउँ छैन। हामीले सबैले मिलेर ल्याएको संविधान, हामी सबैले मिलेर ल्याएको संवैधानिक संरचना, राजनैतिक संरचना जवाफदेही हामी छौं जनताप्रति। त्यसैले जनताप्रति स्पष्टसँग जवाफदेही हुने गरीकन हामीले स्पष्टसँगले काम गर्नुपर्छ भन्ने मलाई लागेको छ। त्यसैले मैले यसमा भन्दा खेरि चाहिँ मैले भन्न खोजेको कुरा के हो भने-शान्ति प्रक्रियाका काम। किन शान्ति प्रक्रियाका काम टुङ्गिंदैन अहिलेसम्म? किन आयोगहरु बन्दैनन्? किन आयोगहरु बनाउन हामीहरु सकिराखेका छैनौं? कारण के? यत्रो वर्ष भइसक्यो त द्वन्द्व भएको। हामीले विस्तृत शान्ति सम्झौता गरेको कति वर्ष भयो होला। त्यसको एउटा मुख्य नेता गिरिजा प्रसाद कोइरालाको निधन भएको अहिले कति वर्ष भयो होला। माओवादीले हतियार छोडेको पनि कति वर्ष भयो होला। अब त धेरै वर्ष भइसक्यो। तर अहिले हामी किन आयोग पनि बनाउन सकिराखेका छैनौं? द्वन्द्व पीडितहरुको कथा चाहे जुनसुकै सेक्टरका मानिस हुन् दुइवटा बन्दुकको बीचमा परेका जनताको द्वन्दको पीडा त

कहाली लाग्दो छ। राज्यको बन्दुक र माओवादीको बन्दुकको बीचमा पर्ने निर्दोष जनताको पीडा त कहाली लाग्दो छ। सुराकीको शङ्कामा र सहयोगीको शङ्कामा दुवै पक्षले गरेका ती मानिसहरुको कथा, ती परिवारको कथा, व्यथा सुन्दा त बहुत् कहाली लाग्दो छ। यी सम्पूर्ण कुरामा न्याय दिन्छौं है भनेर हामीले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेका छौं। हस्ताक्षरकर्ता प्रचण्डजी अहिले पनि हुनुहुन्छ। हामी ७ राजनीतिक दल अहिले पनि छौं। अहिले पनि माओवादी केन्द्र छ। प्रतिपक्ष पार्टी मूल पार्टीको रुपमा स्थापित छ। हामी यो सारा परिवर्तन लिएर आयौ है भनेर हामी भन्ने पार्टीहरु छँदैछौं। तर द्वन्द्व पीडितलाई न्याय दिने काममा अझै किन ढिलाई हुन्छ? कति वर्ष भयो? द्वन्द चलेको १० वर्ष द्वन्द्व रोकिएको अहिले कति वर्ष भयो? अन्त्य भएको अहिले कति वर्ष भयो? त्यसमा न्याय पाउने कतिपय मानिसहरुको अहिले मृत्यु भइसक्यो होला? त्यसका परिवारको हालत के होला? कसैको छोरा बेपत्ता भएको छ। मेरो छोरा आउँछ कि भनी आमा पर्खिराखेकी होलिन्। उनको दिमागमा के पसिराखेको होला, हृदयमा के भइराखेको होला? कसैको खुट्टा भाँचिएको होला। मैले त पाउँछु होला केही केही न सहयोग म त अपाङ्ग भए पनि पाउँछु सहयोग राज्यबाट भनेर पर्खिराखेको होला। ती सम्पूर्ण कुरामा हामीले एकपटक ध्यान दिनुपर्छ कि पर्दैन? यसलाई यसरी टार्दै टार्दै जाने भनी त क्रोनिक हुन्छ कि हुँदैन? मैले देखिराखेको छु। यहीं भित्रबाट एउटा गम्भीर षड्यन्त्र खेल हुनसक्छ। म खास गरीकन सत्ता पक्षका दुवै पार्टीहरुलाई नेपाली काँग्रेस र एमालेका शीर्ष तहका नेताहरुलाई भन्न चाहन्छु यो रोष्टमबाट- माओवादी केन्द्र पार्टीलाई पनि विशेष भन्न चाहन्छु- अरु कुरा उठाउने भन्दा यो कुरा उठाउनुस् तपाईले माओवादी केन्द्रका साथीहरुले। द्वन्द्व पीडितलाई न्याय दिने काम छिटै टुङ्ग्याउँ। अन्यथा त्यही कारणले यो देशभित्र अनेकौं तरिकाले खेल्नेहरुको खेल मैदान बन्छ नेपाल। त्यो बन्न दिनुहुँदैन। हामी एक ठाउँ उभिनुपर्छ। बदलाको भावना कसैले राख्नुहुन्न। हामी हिजो लड्यौं फेरि मिल्यौं परिवर्तन ल्यायौ। गणतन्त्रमा पुऱ्यायौं। संविधान बनायौं। यहाँसम्म ल्यायौं देशलाई। हामीले मिलेर काम गर्न किन नसक्ने? त्यसैले मेरो प्रधानमन्त्रीज्यूलाई पनि विशेष मेरो अनुरोध छ। हामी सत्ताको प्रधानमन्त्री हुनुहुन्छ। विशेष जिम्मेदारी छ। खासगरी नेपाली काँग्रेस र माओवादीलाई जोडेर यी आयोगहरु छिटै गठन गरिदिनुस्। छिटै गठन गरिदिनुस् र आयोगका मानिसहरुले पनि जे कानुन हामीले बनाएका छौं यस सम्बन्धमा। त्यो कानुन बमोजिम न्याय सम्पादन गर्ने काम छिटै होस्। कार्यकाल पूरा बिताऔं भनेर पर्खिनु भन्दा छिटै यो काम टुङ्ग्याउनेतर्फ अगाडि बढोस्। यो शान्ति प्रक्रियाका बाँकी कामको आवाज उठ्न छोडेको छ। आवाज दबेर जान थालेको छ। यो हुन दिनुहुन्न। यसलाई छिटै टुङ्ग्याउनुपर्छ भन्ने मेरो मान्यता आज म यहाँ राख्न चाहन्छु। अर्को कुरा मेरो प्रतिपक्षलाई एउटा भनाई छ। मेरो आग्रह हो। म कुनै सरकारको मन्त्रीको हैसियतले भनिराखेको छैन। म एउटा

राजनीतिक कार्यकर्ताको हैसियतले भनिराखेको छु। यी सारा प्रक्रियामा Involve भएको संलग्न भएको नाताले मैले एउटा आग्रह गर्न चाहन्छु। आजकै दिनको मात्र कुरा गर्दा अहिले हामी बजेट कसको चलाउँदैछौं। हिंजो पुष्प कमल दाहाल प्रचण्डजी प्रधानमन्त्री छँदा आएको बजेट त अहिले सञ्चालन गरिराख्नुभएको छ ओलीजीले, हाम्रो प्रधानमन्त्रीजीले। अहिले नयाँ बजेट त आएको छैन। मेरो त गुनासो छ यसमा। मलाई त लागेको थियो। मेरा अर्थमन्त्रीले पूरक बजेट ल्याइदिनु हुन्छ कि भन्ने। आएन, के कारणले आएन। छोडिदिउँ ती कुरा। तर देशको अर्थतन्त्र कति बलियो छ। अर्थतन्त्रको लक्ष्य आएको बजेटले के निर्धारण गरेको छ। के बाटो तय गरेको छ। त्यो फरक बाटोमा त सरकार हिंड्न सक्दैन नि। बजेट त सबै मन्त्रालयलाई गाइड गर्ने नीति हो नि पोलिसी हो नि। सबै मन्त्रालयको बजेट त्यसैले त निर्धारण गर्छ। त्यसैले त विनियोजन गर्छ। त्यसैले त पैसा पठाउँछ। सबै मन्त्रालयको मन्त्रालय मानिन्छ कहिलेकाहीं अर्थ मन्त्रालय सबै मन्त्रालयको मन्त्रालय। त्यो त तपाईंहरुकै हो। प्रतिपक्षीकै बजेट हो। त्यही लिएर त हामीहरु गइराखेका छौं अगाडि। त्यसकारण धेरै ठुलो खेलाबैला अहिले सरकारको बारेमा गर्नु आवश्यक छैन। खेलाबैलै गर्नुछ भने मैले अघि भनें- शान्ति प्रक्रियाका कुरा उठाउनुस् कुरा। यसलाई निश्कर्षमा पुऱ्याऔं। सरकार त आउँछ जान्छ आउँदो रहेछ जाने रहेछ ठुलो कुरा भएन नि। देख्यौं नि त हामीले। विभिन्न घटनाक्रम देखिराखेकै छौं नि त। अन्तमा अरु धेरै कुरा नभनीकन विश्वको बदलिँदो राजनीतिक परिस्थितिको प्रभाव नेपालले निकै बेहोर्नुपर्ने अवस्था म देखिराखेको छु। रुस, युक्रेन युद्ध, अहिले अमेरिकाले ल्याएको उसको वैदेशिक नीति, यसको रणनीति, त्यसको प्रभाव हामीले भोग्न थालिसकेका छौं। यी सम्पूर्ण कुरालाई मूल्याङ्कन गर्दै सरकारले लैजानका लागि हामी सबै एकपटक (समय सकियो)...

(१३:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य उर्मिला अर्याल। समय १२ मिनेट। यसपछि मान्य सदस्य डा. बेदुराम भुसाल।

(१३:५१ बजे) <u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, म भन्दा अगाडि त्यो बेला सँगै क्याबिनेटमा बसेको पनि थिएँ सिनियर नेता वक्ताले बोलेर गइसक्नुभएको छ। म पनि यही सन्दर्भमा अलि केही कुराहरु राख्न चाहन्छु। र अहिले नेपालमा भएको राजनीतिक परिवर्तन त्यसको प्रभाव र हालको अवस्थाहरु कस्ता छन् त? हामी मूलतः २०६२/०६३ को आन्दोलन र उता माओवादी जुन जनयुद्ध भइरहेको अवस्थामा एउटा समझदारी साथ जाने

जुन किसिमको हाम्रो समझदारी बन्यो। शान्ति प्रक्रियामा सबैलाई समावेश गर्ने, सबैको मागलाई सम्बोधन गर्ने, जनअधिकारको विषयहरू महिलाका अधिकार, जनताको अधिकार , दलितका अधिकार सबैको अधिकारलाई चाहिँ सम्बोधन गर्ने गरी जाने भनेर जुन किसिमको समझदारी साथ संविधान पनि हामी त्यो हिसाबले बनायौं। हुन त त्यही बेला पनि म त्यो क्याबिनेटमा थिएँ र सम्माननीय गिरिजाप्रसाद कोइराला उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो संजोगले पूर्ववक्ता माननीय कृष्ण प्रसाद सिटौला पनि गृहमन्त्री हुनुहुन्थ्यो। तर संविधान मस्यौदा समितिको नाममा एकजना महिला परेको थिएन। मैले यो क्याबिनेटमा बस्न मिल्दैन म राजीनामा दिन्छु भनेपछि बल्ल एकजना महिलाको नाम त्यो बेलामा आयो। भनेपछि म के भन्न चाहन्छु भने हामी सरकारमा जान्छौं, सत्ता चलाउँछौं। विभिन्न वाचाहरु गरेका हुन्छौं। तर काम गर्ने बेलामा हामी ठ्याक्कै बिर्सिन्छौं। यो रोगले संघीयताको पक्षमा समावेशिताको पक्षमा जुन मर्मअनुसार हामीले काम गर्नुपर्ने हो। मूल राजनीतिक दल त्यो बेलाको प्रमुख दलले त्यस्ता कुरा पनि बिर्सिदिने के। होइन, यो चैने मैले नेपाली कांग्रेस पार्टीको दललाई अथवा अरू कुनै सत्तामा सहभागी दललाई भन्दा पनि म सबै दललाई even मेरो आफ्नै पार्टीलाई पनि म भन्न चाहन्छु। हामी जे वाचा गर्छौं जे उद्देश्य साथ हामीले जनयुद्ध गर्‍यौं, जे उद्देश्य साथ हामीले आन्दोलनहरु गर्‍यौं। यो तमाम चिजहरुमा हामी साक्षी छौं।

यी सबै दलहरु हैन पछिल्लो दिनमा आएर माओवादी अब जनयुद्धले यहाँहरुले सशस्त्र युद्ध भन्नुहुन्छ म चाहिँ जनयुद्ध। त्यो युद्धले चाहिने जुन जनमुक्ति सेनाहरु बनाई दुनिया गरेर त्यसपछि चाहिँ जसरी एउटा चाहिँ हामी त्यसमा आन्दोलन भयो, युद्ध भयो र पछि शान्ति प्रक्रियामा हामी आयौं। शान्ति प्रक्रियाको एउटा मुख्य सम्वाहकको रूपले काम गर्नुभएको माननीयज्यू मेरो अगाडि हुनुहुन्छ। र हामी शान्ति प्रक्रियामा आउने कुरोहरुमा उहाँको योगदान पनि राम्रै रह्यो। र हामी सबै एक ठाउँ बसेर अब नयाँ किसिमको संविधान बनाउँ र मुलुकलाई एउटा गणतान्त्रिक संविधान दिने सँगसँगै सङ्घीयतामा जाने यी तमाम चिजहरुले संविधान सभाको चुनाव गराउने कुरो त्यो बेलामा टुंगो भएर अगाडि बढ्यौं। अहिले म देख्न चाहन्छु हामी सबै यी बाचाहरु गर्छौं। राज्यमा चाहिँ सुशासन लेराउने, समावेशी बनाउने, कोही चाहिने राज्यको मेनस्ट्रीम, मूल प्रवाहबाट टाढा नहोस् भन्ने सोच्ने तर काम कारवाहीको बेलामा फेरि हामी असाध्यै फाइदा लिने र बढी सत्तामुखी हुने रोगले चाहिँ हामीलाई ग्रसित पारेको छ। म सबैलाई भन्न चाहन्छु। सत्ता भन्ने बित्तिकै हामी सबै चिज बिर्सिएर फेरि सत्तामा समाहित हुन सँधै लालायित हुने र मूल कुरो, काम कुरोहरु हामीले जे लक्ष्य राखेथ्यौं, जे समझदारीहरु गरेका थियौं। त्यो कामहरुलाई चाहिँ कार्यान्वयन गर्‍यौं कि गरेनौं भनेर अहिले पनि म अनुरोध गर्न चाहन्छु कि सबै पार्टी, मेरो पार्टीको नेता समेत र सबै अहिले जुन हामी सरकारमा सहभागी छौ, संसदमा सहभागी छौं। प्रतिपक्षमा छौं। ती सबैले बसेर एउटा पिरियोडिक समीक्षा गर्ने विधि चाहिँ बसाल्नु पर्‍यो। हामी कहाँ चुकिराखेका छौं। हामी बहुदलीय व्यवस्थाको लागि लड्ने

बेलामा पनि हामी लडेकै हो। राजतन्त्रको सम्बन्धमा फेरि संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्थामा गइयो। त्यसपछि फेरि गणतन्त्रको लागि लडियो। फेरी गणतन्त्रलाई स्थापना गरेर यहाँ संघीय गणतन्त्र स्थापना गरेर हामीले संघीय प्रणालीमा पनि गयौं। अब आएर फेरि आज काठमाडौंमा एउटा कुरा प्रष्ट भन्नुपर्छ कि काठमाडौंमा जसरी एउटा ठाउँमा थन्क्याइसकेको राजतन्त्रको पक्षमा मान्छेहरु हुलका हुल आएर जब चाहिँ यो हुजत निकाल्छन्। त्यो बेलामा केही त हामीले गडबड गरेकै छौं। यो हामीले स्वीकार्नुपर्छ। हामी जो जो गणतन्त्रको संवाहक यो लोकतान्त्रिक गणतन्त्रको जन्मदाता हो। त्यो सबै जनाले एकपटक मम गर्नुपर्ने बेला आएको छ। सरकारको छिटो छिटो परिवर्तन बढी सत्तामुखी हुने उद्देश्य लक्ष्य एउटा राखेर हामी राजनीति शुरु गऱ्यौं। तर हामी विमुख हुने जुन एउटा प्रक्रिया छ त्यो प्रक्रियाबाट चाहिँ हामी अब पनि सचेत भएनौं भने हामीलाई पत्याउने कसले? हामीले जनताका विश्वासहरु गुमाएर गइरहेका छौं। तसर्थ अब अहिले सत्ता पक्षमा जसरी सरकार गइराखेको छ। म त धेरै कुरा भन्न चाहन्छु। हामी नियुक्ति गर्दा पनि कसलाई नियुक्ति कुनै पनि ठाउँमा नियुक्ति गर्दा कसलाई नियुक्ति गरेपछि मैले भनेको मान्छ र मेरो अनुसार काम हुन्छ भन्ने कुरो बढी हाम्रो दिमागमा छ। एउटा राम्रो मान्छेलाई एउटा कुलमान ल्याउँदा खेरि विद्युत् प्राधिकरणमा कति सुधार भयो त। घण्टौं घण्टा लोडसेडिङ मेरो गाउँमा त महिलाहरुको सबै त्यो Transformer जलेर, Transformer घोटाला, कपाल जलेर सबै बेहाल थियो। आज त्यो स्थितिबाट मुलुक यहाँसम्म आयो। एउटा गतिलो मान्छे त्यहाँ राख्दा त्यत्रो घण्टौंको लोडसेडिङहरु अहिले फेरि अलि अलि होला कि के होला भन्नेछ भारत र नेपालमा यहाँबाट उता जान्छ, उताबाट यता आउँछ। त्यो त मिलाइएको छ। तर त्यत्रो लोडसेडिङ मुक्त भयो आज सबैभन्दा खोइरो चाहिँ कुलमानलाई हटाउने भनेर लागेको छ। अनि मान्छेले त जनता त पहिलेकै छैन नि अब। सचेत छन् नि। मैले एउटा उदाहरण मात्रै भनेको है। सचेत छ नि। त्यो सबै भोगाइको अनुभव र दर्शक उहाँहरु हुनुहुन्छ। एउटा व्यक्तिले राम्रोसँग काम गरिदिंदा पनि कति फरक पर्दोरहिछ भन्ने कुराको उदाहरण हो उहाँ। तर अहिले खोइरो खनेर उसलाई कहाँ फाल्ने, के गर्ने, कसरी निकाल्ने, भनेर नाङ्गो नाच भइराखेको छ। मलाई लाग्छ- सम्मान गर्नुपर्ने हो यो देशले। म अरु देशहरुले प्रशंसा गरेको देख्छु- महावीर पुन, कुलमान घिसिङ, यस्ता नामहरु। त्यस्ता व्यक्तिहरुलाई एकदम चैने हुर्मत लिने गरी चाहिँ बेइज्जत गर्ने तरिकाले चाहिँ जुन सरकार गइराखेको छ। यी चिजहरु चाहिँ अलि सचेत हुनुस्। त्यस्तै त्यस्तै कारणले राजै ठिक थियो। १० वटालाई पाल्ने, यिनीहरु यस्तै लोभी गर्छन्, भएको काम पनि बिगार्छन् भन्ने पार्दै पार्दै आम जनता त सँधैभरि आन्दोलनैको लागि लडिराख्दैन नि। नेताहरु हामी जान्छौं जनतामा। सूचनाहरु दिन्छौं। उनीहरुलाई जागृत गर्छौं। आफ्नो अधिकारप्रति सचेत होऔं भन्छौं। यो हिसाबले चाहिँ हामी उनीहरुलाई सचेत

गरेर सबै जनतालाई एकजुट गर्छौं तर बारम्बार हैन ठग्ने काम गऱ्यो भने यिनीहरु चाहिँ काम लाग्ने छैन भन्ने हामीले विश्वास गुमाउँदै गइराखेका छौं जनताबाट। म मेरो पार्टी समेतलाई पनि भन्न चाहन्छु। हामी बढी सत्तामुखी नहोऔं। अहिले उहाँहरुले अठोट पनि गर्नुभएको छ हाम्रो नेताहरुले। तर अहिले चाहिँ खालि फाइदा मन्त्रीले ल्याछ के मा फाइदा गर्ने, के गर्ने, आम जनताले कसरी सुख पाउँछ भन्ने कुरामा हाम्रो ध्यान गइराख्याछैन। यो चिजले अहिले यति निराशा, के जनता लाटो छन्। सबै देखिराछन नि। त्यत्रो त्यत्रो लोडसेडिङ भोगेको मान्छेहरु अहिले आएर जे होस् बत्ती बोलिराख्याछ, पङ्खा चलाउन पाएको छ। फ्याक्ट्रीहरु चल्याछ। के त्यो चिजलाई नराम्रो किसिमले हेर्दिने? सम्मान गर्नुपर्ने व्यक्तिलाई चाइने अवहेलना गर्ने? यो एउटा घटना मात्र हो। यस्तै चिजहरू धेरै चिजहरु भइराखेको छ।

हामी चाहिँ यो क्यारे कहाँको चिया बगानको चाइने गिरीबन्धु टी स्टेटको चाहिँ जग्गा सम्बन्धको कुराहरु सबै जनताले त पढिराछ नि त। अपचलन गर्ने कुराहरु। अध्यादेश कुन उद्देश्यले आयो भन्ने कुराहरु। यी तमाम चिजहरुलाई जनताले वाच गरिराखेको छ।र यस्तै यस्तै गऱ्यो भने यो राजतन्त्र फालेको फेरि त उस्तै उस्तै भए यिनीहरु पनि भन्ने खालको चाइने आवाजहरु उठ्न थालेका छन्। र त्यो सबै जनता, पार्टीको नीति राजनीतिक रुपले प्रशिक्षित भन्दा पनि को ले के काम गरिरहेको छ। यसले गऱ्यो कि गरेन मेरो काम? मैले राहत पाएँ कि पाइनँ भन्ने किसिमले उसले हेर्छ। र उसले जब देख्छ। कि उनीहरु आफै नै सत्ता मोहमा सत्तामा लिप्त हुन बाहेक सबै कुरा हिँजोको वाचा बिर्से भन्ने लागेपछि मान्छे चाहिँ विरुद्धमा उत्रिन्छ। यसलाई नगरेर यसलाई गर्दा हुन्छ कि भन्ने हो तर विकल्प त राजा होइन नि। राजतन्त्र त विकल्प हुन सक्दैन नि। तर हाम्रो गतिविधिहरु जनतामुखी हुनुपऱ्यो। बढी जनता प्रति हामी आधारित भएर गरौं। देशको एउटा गौरव हामीले उठाएर जान सक्ने गरौं। अधिकार त पायौं हामीले। पाएका छौं अहिले महिलाहरू हामी ३३% प्रतिशत छौं। समावेशी छ। त्यसमा पनि पाएसम्म फेरी प्रत्यक्ष निर्वाचनमा महिलाहरुलाई नराख्ने पद्धति छ। अझै समीक्षा गर्नुपर्नेछ।यी हक अधिकारको लागि। दलित समुदायहरु म अस्ति एकचोटी समावेशी आयोगमा गएँ। त्यो समावेशी आयोगमा हुनुपर्ने त पिछडा वर्गको मान्छे १ जना कमसेकम बोर्डमा हुनपर्ने अर्को को हुनुपर्ने सबै खालको मान्छे त्यहाँ समावेश भए पो त्यो समावेशी आयोग हुन्छ। त्यहाँ समावेशीमा पनि धेरै बाहुन, क्षेत्रीकै चाहिँ बोलवाला देखें। हामी वास्तवमा काम गरिराख्या छैनौं। हामीकार्यकर्ता पाल्नेतिर मात्रै गइराख्यौं। यो कार्यकर्ता पाल्ने मनस्थितिबाट हामी माथि उठौं। राज्यलाई सम्बोधन गरौं। देशका जनता र पीडाहरुलाई सम्बोधन गरौं। शान्ति प्रक्रिया हामी अहिलेसम्म टुङ्गो लगाउन सकिराख्याछैनौं। जनयुद्धका घाइतेहरु, आन्दोलनका घाइते र उत्पीडनमा परेकाहरुको त दुवै पक्षबाट उत्पीडनमा परेकाहरुलाई कतिलाई

हामीले सम्बोधन गऱ्यौं। सरकारले यसको लिस्ट लेराएर हामीले यति यति काम गऱ्यो भनेर कहिले सुनाएको छ। छैन। चलने चलाने सरकार बनाछ फेरि अर्कोले सरकार बनाछ। हामी बिग्रयौं। यस्तो किसिमको भयो भने यो वितृष्णाले बरु एउटै राजा पाल्याथ्यो, ठिकै थियो भन्ने खालको भ्रम छर्नेहरुको भ्रममा आम जनता पर्ने डर छ। म सबैलाई सचेत होऔं भन्न चाहन्छु। हैन त्यसकारणले अब अहिले हामीले राणा शासन फाल्यौं के के फाल्यौं हैन अब त्यसपछि अब संघीय गणतन्त्रमा गयौं। अहिले संघीयतामा पनि धेरै सवालहरु उठाउने कुराहरु आउन थालेका छन्। साँच्चिकै संघीयता कार्यान्वयन हामीले राम्रोसँग गरिराखेका छौं? संसद चलिराखेको छ। यो बेलामा अध्यादेश आउँछ। अहिले संसद ज्युँदै छ। यो बेलामा अध्यादेश आउँछ। आफू अनुकूल गर्नलाई अध्यादेश ल्याएर बहुमत छ ठेलठाल गरेर पास गरुँला भन्न नीतिहरु छन्। यत्रा मन्त्रीहरु हुनुहुन्छ। सरकार जीवित छ।

(१४:०३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य समय सिद्धियो। माइक काटिइसक्यो। माननीय सदस्य डा. बेदुराम भुसाल। समय १२ मिनेट। यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१४:०४ बजे) <u>माननीय डा. श्री बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, म भन्दा अगाडि बोल्नुहुने २ जना माननीयज्यूहरुले जस्तै म पनि अहिले चलिरहेका राजनीतिक गतिविधिहरूबाट प्रभावित नै छु। त्यसकारणले मैले पनि तीनै विषयमा आफ्नो धारणा राख्ने प्रयत्न गर्नेछु। तर मेरो अलि फरक हुनेछ माननीयज्यूहरुको भन्दा। खासगरी माननीय कृष्ण प्रसाद सिटौलाले इतिहासको एउटा पाटो कोट्याउनु भएको छ। म पनि इतिहासकै विद्यार्थी हुँ। त्यसले गर्दा अलिअलि इतिहासका अरु पाटाहरु छुने कोशिस मैले गर्नेछु। पहिलो कुरा किही मान्छेहरु राजनीतिक समस्या समाधान गर्छौं भन्छन् र गणतन्त्रलाई हटाएर राजतन्त्र ल्याउँ भन्छन्। यो के ठिक हो? सहि हो? इतिहासले के भन्छ? अनि इतिहासले यसलाई सही भन्दैन। गलत भन्छ। र मेरो विचारमा आजका समस्याहरु भनेको चाहिँ आजको समस्या भनेको राजनीतिक समस्या हुँदै होइन। आजको समस्या भनेको राजनीतिक जुन उचाइको राजनीतिक परिवर्तन भएको थियो हामीले गरेका थियौं। त्यस अनुसार आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्न नसकिनु हो। त्यता तर्फ हामीले अभियान सञ्चालन गर्न सकेनौं, हाम्रा कार्यक्रमहरू त्यस हिसाबले अगाडि लान सकेनौं त्यसले गर्दाखेरि चाहे जस्तो सामाजिक रूपान्तरण हुन सकेन समाजमा राजनीतिक परिवर्तन आए अनुसारको अन्य परिवर्तन हुन सकेन समस्या त्यहाँ हो। त्यहाँ केन्द्रित भएर छलफल गर्नुपर्ने हो आज। तर बिरलिएको छ छलफल चाहिँ अर्कोतिर गएको छ। यो गलत हो। यदि

साँच्चै राजनीतिक समस्या नै हो भनेर हेर्ने हो भने पनि यो समस्याको समाधान राजतन्त्रको पुनस्थापना कदापी हुन सक्दैन। राजतन्त्रको पुनर्स्थापना विश्वमा जम्मा ३ ठाउँमा भएको छ- बेलायतमा, स्पेनमा र कम्बोडियामा। त्यहाँ किन भयो भन्दा राजतन्त्रको अन्त्य पछिको त्यहाँको शासन ज्यादै निरंकुश भयो। बेलायतमा क्रमवेलको निरंकुशतन्त्र, स्पेनमा जनरल फ्र्याङ्कको निरंकुशतन्त्र र कम्बोडियामा पोलपोटको निरंकुशतन्त्र। त्यस्तो अवस्थामा मात्रै राजतन्त्र फर्किएको। अरु दुनियाँमा कहीँ पनि फर्किएको छैन त्यसले हाम्रो हामी यदि लोकतान्त्रिक प्रणालीबाट अगाडि बढ्छौं भने यहाँ त्यो राजतन्त्र फर्किने भन्ने सम्भावना छैन र फर्किन पनि सक्दैन। यो राजतन्त्र, राजतन्त्र विरोधीहरुको कारणले भन्दा पनि आफ्नै व्यवहारको कारणले पनि ढलेको हो, समाप्त भएको हो नेपालमा इतिहासले त्यही पुष्टि गर्छ। राजतन्त्रले खास गरिकन नेपालको राजतन्त्र नेपाली जनतासँग मिलेर बस्न चाहेन काम गर्न चाहेन नेपाली जनतासँग गरेका सम्झौता समझदारीलाई उसले कार्यान्वयन गर्न चाहेन त्यसको सबभन्दा पहिलो उदाहरण हो- २००७ साल, २००७ सालमा जनताको क्रान्तिले राजतन्त्रलाई पुनर्स्थापना गर्‍यो। तर राजा त्रिभुवनले २००७ सालको फाल्गुन ७ गतेका दिन जे घोषणा गरेका थिए। जनताका प्रतिनिधिहरु जनताबाट निर्वाचित प्रतिनिधिहरूको संस्थाले बनाएको संविधान अनुसार अबको शासन व्यवस्था चल्ने छ भनेर। त्यसको लागु गरिएन। त्यो सम्झौता उल्लंघन गरियो र २००७ सालदेखि २०१७ सालसम्म त्यही खिचलोले मुलुकलाई दुःख दिइरह्यो। २०१७ साल अगाडि २०१५ सालमा राजाले दिएको संविधान मानेर पार्टीहरू निर्वाचनमा गए, त्यो एउटा सम्झौता थियो। तर त्यो निर्वाचनबाट निर्वाचित संसद र सरकारलाई २०१७ सालमा भङ्ग गरियो र सम्पूर्ण अधिकार राजाले आफ्नो हातमा लिए। त्यसले अर्को द्वन्द्व सिर्जना गर्‍यो र २०४७ सालसम्म निरन्तर त्यो द्वन्दमा मुलुक फस्यो। इतिहास त यही हो। र २०४७ सालमा जुन परिवर्तन आयो त्यो परिवर्तनमा राजा संविधानको मातहत बस्ने भन्ने कुरा तय गरिएको थियो, त्यो संविधानले त्यही भनेको थियो जसका बारेमा मा. कृष्ण सिटौलाले भर्खर केही चर्चा गर्नुभाछ राजसंस्थालाई कस्तो स्थानमा राखेको थियो भनेर। तर त्यसलाई नाघ्ने काम कसले गर्‍यो नेपाली जनताले त गरेका होइनन्। नेपालका राजनीतिक दलहरूले पनि गरेका होइनन्। त्यसलाई नाघेर अगाडि बढ्ने काम राजतन्त्रबाटै भएको हो। २०६२/६३ को आन्दोलनको अगाडि जुन ढंगले २०४७ सालको संविधानलाई नमानेर सम्पूर्ण शक्ति आफ्नो हातमा लिने काम भयो। त्यसको प्रतिवादमा जनता उठे। आन्दोलन उठ्यो। र राजतन्त्रको अन्त्य गर्ने दिशामा जानुपर्‍यो। इतिहास त यही हो। यसरी अन्त्य भएको हो। यो एउटा पाटो छ। अर्को पाटोलाई हेर्‍यो भने नेपालको राजतन्त्र जहिले पनि जनता माथि निरंकुशतन्त्र लादने गरी जनतालाई उसले कहिले पनि अधिकार सम्पन्न हुन दिएन। जब जब जनताले अधिकार खोजे तब तब उसले जनतामाथि दमन चक्र चलायो। त्यसका केही उदाहरणहरु छन् ती उदाहरणहरू के छन् भने सबभन्दा पहिले २०२० सालमा दुर्गानन्द झा, जसले प्रजातन्त्रको आवाज उठाएका थिए, उनलाई

फाँसी दिइयो। उनको बोली बन्द गर्नका निम्ति २०२६ सालमा कपिलवस्तुमा त्यतिबेलाको सरकारले अँगालेको मालपोत वृद्धि र बचत अनिवार्य बचतको नीतिको विरुद्धमा सभा गरिरहेका किसानहरुमाथि, सभा मात्रै गरेका थिए उनीहरुले, त्यहाँ आफ्नो कुरा मात्रै राखेका थिए, त्यहाँ अन्धाधुन्ध हमला गरेर १९ जना किसानहरूलाई निहत्था किसानहरूलाई मारिएको छ, २०२६ सालको कुरा गर्दैछु म। २०२९ सालको फागुन २१ गते जेलमा राखिएका झापा संघर्षका ती योद्धाहरूलाई जेलबाट निकालेर जेल सार्ने निहुँमा सुखानीको जंगलमा लगेर मारियो। त्यसै गरीकन २०३३ को कार्तिक २७ गतेका दिन धनकुटाको खोकु छिन्ताङमा त्यहाँका निहत्था किसानहरूमाथि हमला गरेर गर्भवती महिला र १४ वर्षे किसान सहितका १६ जना किसानहरुलाई हत्या गरियो। त्यस्तै गरिकन २०३५ सालको माघ २४ गते राति सेन्ट्रल जेलमा राखिएका कप्तान यज्ञबहादुर थापा र भीम नारायण श्रेष्ठलाई त्यहाँबाट निकालेर हेटौंडाको दक्षिणको जङ्गलमा लगेर गोली ठोकेर मारियो। त्यसै गरीकन २०४० को माघ १ गतेका दिन पिस्करमा सांस्कृतिक कार्यक्रम गरिरहेका जनताहरूमाथि गोली चलाएर त्यहाँ इले थामी र बिरबहादुर थामीको हत्या गरियो। थुप्रै किसानहरूलाई घाइते बनाइयो। यस्ता थुप्रै घटनाहरु छन्। थुप्रै घटनाहरू छन् इतिहासका पानाहरु पल्टाउने हो भने धेरै कुराहरु हामीले पाउन सक्छौं।

यी घटनाहरुले राजतन्त्रलाई राजतन्त्र विरोधी भावनाको विकास गरेका हुन् जनतामा र त्यो जनताको यो यो राजतन्त्रले गरेका व्यवहारका कारणले जुन विरोधी भावना जन्मेको थियो। त्यसले राजतन्त्रलाई अन्त्य गर्ने दिशामा लागेको हो। त्यसकारणले राजतन्त्र आफ्ना कर्तुतले पनि ढलेको हो भन्ने कुरा बिर्सन हुँदैन। अब त्यो केही सुध्रेर जान सक्छ, सुध्रिँदैन भन्ने कुराका विगतका पनि उदाहरणहरु छन्। त्यसकारणले हामी त्यता जान सक्दैनौं। आजका समस्याहरु समाधान गर्नका निम्ति हामीले केही कामहरु गर्नुपर्छ। पहिलो कुरा- कृषि, उद्योग, पर्यटन, ऊर्जा र पूर्वाधारका क्षेत्रमा ठुल्ठुला मेगा प्रोजेक्टहरु सुरु गरौं। ठिक छ यसका निम्ति एक ठाउँमा बसौं। सत्तापक्षको माननीयज्यूले भन्नुभएको छ एक ठाउँमा बसौं, यसको पहल सत्ता पक्षले गरोस्। हामी प्रतिपक्षीहरु बस्न तयारै छौं भन्ने लाग्छ मलाई। यो विकासका योजना बनाउने कुरामा मेघा प्रोजेक्टहरु गरौं र त्यहाँ रोजगारीका तमाम सम्भावनाहरु हुन सक्छन् त्यसको सिर्जना गरौं, विकासको लहर सिर्जना गरौं। त्यस ढंगले जान सक्यौ भने नयाँ खालको परिस्थिति मुलुकमा सिर्जना हुन्छ। हामीले गल्ती गर्‍यौं कि के गरौ भन्ने कुराको यो दुखेसो पोख्नु भन्दा पनि त्यसको समीक्षा गर्दै जाऔं। तर विकासका निम्ति, रोजगारी सिर्जनाका निम्ति अभियान शुरु गरौं। त्यसो गर्न सकियो भने एउटा नयाँ परिस्थिति निर्माण हुनसक्छ। साथसाथै संविधानका बारेमा हामीले संविधानमा नै उल्लेख गरेका छौं- १० वर्षमा पुनरावलोकन गर्ने भन्ने कुरा। मैले यो सभाको यो अधिवेशन शुरु भएकै दिनमा भनेको थिएँ। संविधानको पुनरावलोकन आजको आवश्यकता हो। अहिले पनि म भन्न चाहन्छु। संविधानमा

कहाँ कहाँ समस्या छन् भन्ने कुरो यसको पुनरावलोकन नगरिकन देखिँदैन। त्यसकारणले संविधानमा यदि संशोधन गर्ने हो सुधार गर्ने हो भने पहिलो काम भनेको यसको पुनरावलोकन गरौं। एक ठाउँमा बसौं। छलफल गरौं। यसको पुनरावलोकन गरेर कहाँ कहाँ समस्या छ त्यसको समाधानको निम्ति अगाडि बढौं। तेस्रो कुरा हो- भ्रष्टाचारको यत्रो ठुलो कुरा उठेको छ, यत्रो ठुलो आवाज उठेको छ भने सुशासनको एउटा मूल समस्या त्यहाँनेर छ भने त्यसका निम्ति एउटा कुन तरिकाले हुन्छ। संविधान संशोधन गरेरै सही, एउटा यस्तो उच्च स्तरको सर्वशक्तिसम्पन्न सम्पत्ति छानबिन आयोग बनाऔं जसले केवल राजनीतिकर्मीको मात्रै हैन, यहाँ राजनीतिकर्मीका मात्र कुरा उठाउँछन् कतिपय मान्छेहरु। राजनीतिकर्मीको मात्रै हैन, समाजका सबै क्षेत्रमा रहेका खास गरीकन सार्वजनिक पद धारण गरेका सम्पूर्ण व्यक्तिहरुको सम्पत्ति छानबिन गरौं। यदि छानबिन गर्दा खेरि कसैले गैर कानूनी ढंगले कमाएको सम्पत्ति छ भने त्यसलाई राष्ट्रियकरण गरौं। त्यो दिशामा अगाडि जाने प्रतिबद्धताका साथ गयौं भने मुलुकका समस्या समाधान गर्ने दिशामा हामी जान सक्छौं।

अन्त्यमा म के भन्न चाहन्छु भने गणतन्त्रको विकल्प राजतन्त्र होइन। कदापी हुन सक्दैन, दुनियाँको इतिहासमा कहिँ पनि भएको छैन नेपाल यसको अपवाद बन्न सक्दैन। गणतन्त्रको विकल्प यो भन्दा उन्नत स्तरको गणतन्त्र हो। हाम्रो संविधानले निर्देश गरेको समाजवाद हो। संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प भनेको समाजवादी गणतन्त्र हो। त्यो समाजवादी गणतन्त्रको दिशामा अगाडि बढ्ने योजनाका साथ हामी जान सकौं। संविधानले नै हामीलाई भनेको हो। त्यो त्यसतर्फ हामी अगाडि बढ्नुपर्छ। समाजवादको दिशामा अगाडि बढ्ने भन्ने संविधानको जुन निर्देश थियो, जुन लक्ष्य थियो, त्यस अनुसार जाने कुरामा कमी रहेको छ खास गरिकन आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा परिवर्तन गर्ने कार्य गर्न सकिएको छैन, पर्याप्त मात्रामा हुँदै भएन भन्ने होइन। त्यसका पनि तथ्याङ्कहरु हेर्ने हो भने ०४७ सालमा हामी कहाँ थियौं र आज कहाँ पुग्यौ भनेर हेर्ने हो भने धेरै प्रगति भएको नै देखिन्छ तथ्यांकमा, तर पनि पुगेको छैन, पर्याप्त छैन। पर्याप्त मात्रामा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा रुपान्तरण गर्ने अभियानका साथ समाजवादतर्फ को अग्रगामी यात्रामा एकताबद्ध भएर अगाडि बढौं। यही अनुरोधका साथ बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:०७ बजे) <u>पीठासीनः</u>- माननीय उपाध्यक्ष बिमला घिमिरे ।

(१४:१६ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य मोहम्मद खालिद। समय ५ मिनेट। त्यस पछाडि माननीय सदस्य डा. अन्जान शाक्य।

(१४:१६ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, सबै अग्रगामी शक्तिहरूको लामो संघर्ष, बलिदान, कुर्बानी फलस्वरूप संघर्ष स्वरुप हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं। यो अकाट्य सत्य हो- कि हामी सबै मिलेर जनतालाई हामीले सार्वभौम बनाएका छौं, नेपाली जनताले आफूलाई सार्वभौम बनाएको छ। तर यो पनि सत्य हो-कि हामीले इच्छा, आकांक्षा अनुसार समृद्धि दिन सकेका छैनौं। संघीयताका कुरा आउँछ। त्यस सम्बन्धमा सातै प्रदेशका मुख्य मन्त्रीको यदि तपाईं एक शब्दमा कुरा सुन्न चाहनुहुन्छ भन्ने उहाँको जवाफ हुन्छ- आसन पाएँ, शासन पाएन। त्यसले गर्दा संविधानले संविधानमा जुनजुन कुराको हामीले बाचा गरेका थियौं। व्यवस्था त फेऱ्यौं, अवस्था फेर्ने सम्बन्धी जुन जुन वाचा गरेका थियौं। त्यसमा हामी सफल हुन सकेनौं त्यसलाई हामीले स्वीकार गर्नुपर्छ। समावेशी सिद्धान्तको एउटा कुरा उदाहरणस्वरुप म राख्न चाहन्छु- नेपालमा निजामती सेवामा समावेशी पदपूर्ति भएको व्यवस्थादेखि आर्थिक वर्ष २०६४/०६५ देखि २०८०/०८१ सम्म समावेशी समूहको विज्ञापनबाट महिला ८,६००, आदिवासी जनजाति ६ ७५७, मधेशी ५४९६, दलित २२९०, अपाङ्ग ११६१, पिछडिएका क्षेत्रबाट ९१४ गरी जम्मा २५,०१८ जना नेपालीले राज्यसत्तामा सहभागी भए। तर म सोध्न चाहन्छु। यसमा लोकसेवा आयोगले जुन तथ्याङ्क प्रस्तुत गरेको छ- यसमा थारू समुदाय कहाँ छन्? यसमा मुस्लिम कहाँ छन्? यो दुईटा समुदायले राज्यको समावेशी नीतिबाट फाइदा किन लिन सकेन? यसमा कसको दोष? यो समुदायहरुमा असन्तोषको सिर्जना हुन्छ कि हुँदैन? भन्ने सरकारको ध्यान म आकर्षण गराउन चाहन्छु। यदि जानकारी मलाई छैन भने सरकारले थारु र मुस्लिम समुदाय कतिको समावेशी सिद्धान्तबाट राज्यमा अंश पाएँ भन्ने सरकारले यहाँ सदन समक्ष प्रस्तुत गर्नुपर्छ भन्ने मैले आग्रह गरें। समाजिक सुरक्षा भत्ता दिने यो राम्रो कुरा हो। हामी समाजवादी लोकतन्त्रतिर अगाडि बढेका छौं। यसले पालनपोषण जेष्ठ नागरिकको पालनपोषण त गर्दैन तर सपोर्ट अवश्य नै गर्छ। तर ठाउँ ठाउँमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरेको अवस्था त्यति शोभनीय छैन भन्ने मलाई लागेको। राष्ट्रिय परिचयपत्र सम्बन्धी राज्यले लिएको नीति ठिक हो। तर एउटा वृद्धलाई जेष्ठ नागरिकलाई वडादेखि जिल्लासम्म कुदाउनु, यो उमेरमा सदरमुकामसम्म जानु, वडासम्म आउनु, गाउँदेखि कुनै कुनै सदरमुकामको दूरी ५०-५० किलोमिटर जति रहेको छ। त्यहाँसम्म जानु त्यति उपयुक्त देखिँदैन। त्यसले गर्दा म के निवेदन गर्न चाहन्छु भने के उहाँहरुलाई दैलोमै सेवा पुगोस् र उनीहरूलाई जेष्ठ नागरिकलाई बढी दुःख नहोस् भन्ने म आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१४:२० बजे) <u>सम्माननीय अध्यक्षः</u>:- माननीय सदस्य डा. अन्जान शाक्य। समय १३ मिनेट। त्यस पछाडि माननीय सदस्य माया प्रसाद शर्मा।

(१४:२१ बजे) <u>माननीय डा. अन्जान शाक्य (मनोनीत)</u>:- सम्माननीय अध्यक्षज्यू, यस सत्रौं अधिवेशनमा देश र जनताको सेवामा समर्पित भइ कानुन निर्माणमा हामी सबै केन्द्रित हुन सकौं। नेपाल राष्ट्रको विकास र नेपाली जनतालाई सुख, सुविधा दिन सक्ने गरी हामी काममा केन्द्रित भइ जनताको पक्षमा राम्रा निर्णयहरू लिन सफल हुन सकौं। साथै यो अधिवेशनले यहीँ विधेयकहरू पारित गर्न सकोस्। यिनै शुभकामनाहरूका साथ मेरा केही कुराहरू राख्न अनुमति चाहन्छु। अध्यक्ष महोदय, नेपालको विकास र स्तरोन्नतिको यात्रा एक महत्वपूर्ण मोडमा आइसकेको छ। अब हामीसँग झिना मसिना कुराहरूमा अल्झिरहने समय छैन। नभए हाम्रा सन्ततिले हामीलाई धिक्कार्नेछन्। उनीहरुका भविष्यका लागि भएपनि एकआपसमा हिलो छ्यापा छ्याप गरी समय खेर नफालीकन नेपालको अर्थतन्त्र कसरी बलियो बनाउन सकिन्छ भन्ने कुरामा अब हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ। सन् १९७१ नोभेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले UN Resolution नं. २७६८ पारित गरी अल्पविकसित मुलुक एल.डी.सी. को सूचीमा सूचीकृत रहेको नेपाल अब सन् २०२६ नोभेम्बर २४ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुँदैछ। यो हाम्रो लागि गौरवको क्षण हो। अल्पविकसित मुलुकहरुको अवधारणा दोस्रो विश्व युद्ध पछि शान्ति र विकासका लागि सन् १९६० मा विकास भएको हो। देशहरूबीच विकासको स्तरमा ठुलो खाडल देखापरेकोले यो अवधारणा आएको हो। नेपालले सन् २०१० देखि नै स्तरोन्नतिका प्रयासहरू गर्दै आएको छ। अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि निम्न तीनवटा शर्तहरु मध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कमा संयुक्त राष्ट्र संघले सन् २०१५, २०१८ र २०२१ मा भएको मूल्याङ्कनमा नेपाल सफल भएको थियो। कुनै दुईवटा मापदण्ड पुरा भएपनि यस्तो स्तरोन्नतिको लागि योग्यता पुग्ने भएकोले प्रति व्यक्ति आय कम भएपनि अन्य २ सूचकाङ्कमा सफल भएर नेपाल स्तरोन्नति हुन लागेको हो। स्तरोन्नति पछि नेपालको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठा बढ्ने छ। वैदेशिक लगानी आकर्षित गर्न सहज वातावरण सिर्जना हुनेछ। नेपालको क्रेडिट रेटिङ्ग सुधार हुनेछ। जसले ऋण र अनुदान प्राप्त गर्न सहज बनाउनेछ। विश्व समुदायको विश्वास बढ्नेछ। र यसले दीर्घकालीन विकास लक्ष्यहरू पूरा गर्न सहयोग पुग्नेछ। विश्व व्यापार सङ्गठनले गरेको एक अध्ययन अनुसार नेपालले अति कम विकसित राष्ट्रलाई दिइने सुविधा करिब १०/२० प्रतिशतले मात्र हामीले उपभोग गरेको देखिएको पाइएको छ। स्तरोन्नतिपछि गुम्ने सुविधा हासिल गर्न नेपालले छिमेकी मुलुकहरु लगायत विभिन्न मुलुकहरूसँग दुईपक्षीय सम्बन्ध, क्षेत्रीय सम्बन्ध बढाएर दुईपक्षीय सम्झौता, समझदारी, द्विपक्षीय व्यापार सम्झौताहरू द्विपक्षीय सन्धिहरू गर्नुपर्दछ। द्विपक्षीय सम्बन्ध भएका मुलुकहरूका अन्तर्राष्ट्रिय क्षेत्रीय सङ्गठनका सम्झौताहरूमा नेपालको बलियो उपस्थिति रहनुपर्दछ। सन् २०२६ पछि नेपाल विकाशिल राष्ट्रमा स्तरोन्नति हुने हुँदा यूरोपियन

मुलुकबाट प्रधान हुँदै आएको सुविधाको निरन्तरता दिन जिएसपी प्लसका लागि अब हामीले पहल गर्नुपर्दछ। नेपालले अन्तर्राष्ट्रिय बजारमा परम्परागत वस्तुभन्दा उत्पादनको चेन निर्माण गर्ने निकासी प्रवर्धन गर्न सक्ने वस्तुको उत्पादन र उत्पादकत्वमा जोड दिनुपर्दछ। जसको लागि लगानी मैत्री वातावरण निर्माण गरिनुपर्छ। हालै जारी भएको अध्यादेशले यी विषयलाई सम्बोधन गर्न खोजेको देखिएको छ। निजी क्षेत्रले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि लगानी सम्मेलनका क्रममा उठाएको इजी इन्ट्री र इजी एक्जिटको विषयलाई अध्यादेशले सम्बोधन गरेको छ। त्यस्तै गरी नेपाली आईटी उद्योगले विदेशमा कार्यालय खोल्न र लगानी गर्न सक्ने अध्यादेशमा उल्लेखित प्रावधानले अब आइटी क्षेत्रको विकासका लागि कोसेढुङ्गा साबित हुनेछ।

सम्माननीय अध्यक्ष महोदय, अहिलेको अध्यादेशले विदेशमा लगानी गर्न पाउने प्रावधानले नेपालमा लाभांश विदेशबाट ल्याउन पाउने हुन्छ जसले गर्दा राजस्वमा वृद्धि हुन्छ। अहिलेसम्म विदेशी लगानीकर्ताले रकम फिर्ता लैजाने गर्दथ्यो भने अब हामीले पनि लाभांशको रूपमा आम्दानी रकम भित्र्याउन सक्ने अवस्था बन्न सक्छ। सुरुमा केही सीमित देशहरु जो पारदर्शी भइ आर्थिक क्षेत्रमा उत्कृष्टता हासिल गरेका छन् उनीहरूसँग मात्र सम्झौता गरी यस विषयलाई छिटो अगाडि बढाउन आवश्यक देखिन्छ। यस विषयमा विदेशमा लगानी गर्ने रकमको एउटा निश्चित सीमा थ्रेसहोल्ड तोक्नुपर्दछ साथै यस्तो सीमा कुनै समुह वा परिवारमा समेत लागु गर्नुपर्दछ। यसमा रहेको अतिरिक्त वाक्यांश हटाउनुपर्छ। लगानीबाट प्राप्त आएको पुनर्लगानी गर्ने व्यवस्थालाई पुनरावलोकन गर्नुपर्छ ताकि हाम्रो विदेशी मुद्रा अन्ततोगत्वा नेपालमै फर्किने सुनिश्चतता हुनुपर्दछ। तर सजकताका साथ नियमन हुने गरी अगाडि बढ्नुपर्दछ। जग्गा बाहेक स्थिर सम्पत्ति वा सम्झौताको धितो राखेर पनि ऋण लिन सकिने व्यवस्थाले अर्थतन्त्र र वित्तीय क्षेत्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ। बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलता रहेको सन्दर्भमा अध्यादेशमा उल्लेखित प्रावधानले केही सहजता प्रदान गरिने देखिन्छ। स्तरोन्नतिपछि दिगो हुन दिन देशभित्र धेरै उद्योगहरूको स्थापना हुनुपर्दछ विशेष आर्थिक क्षेत्र सेज उद्योगलाई प्राथमिकतामा राख्नलाई पनि निजी क्षेत्रले महत्वपूर्ण कदम भनेको छ। विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन गरी सेजका उद्योगीलाई ६० प्रतिशत निर्यात गर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुनुलाई सकारात्मक रूपमा लिइएको छ। हाल सञ्चालनमा रहेका उद्योगहरू विशेष आर्थिक क्षेत्र सेजमा सारिएमा कर छुट दिने व्यवस्थाको स्वागत निजी क्षेत्रले गरेको छ। यसले औद्योगिक वातावरण केही सहज हुने अपेक्षा गरिएको छ। विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न अनुमति प्राप्त मितिले १२० दिन भित्र उद्योगको स्थापना र सञ्चालन

सम्बन्धमा सम्झौता गर्नुपर्ने व्यवस्थाले धेरै उद्योगको स्थापना हुन सक्ने सम्भावना बढेको छ। जसले खास गरिकन एल.डी.सी. स्तरोन्नतिलाई मद्दत गर्दछ। विशेष गरी आइटी क्षेत्रमा लगानी आकर्षित गर्न र कर्मचारीलाई कम्पनीको स्वामित्वमा सहभागी गराउने प्रावधान स्वागत योग्य छ। समाजवादको चाहना अनुसार, भावनाअनुसार काम गर्नेले आफ्नो श्रमको फल प्राप्त गर्ने र कम्पनीको नाफामा हिस्सेदार बन्न पाउने व्यवस्थाले कर्मचारीको मनोबल बढ्ने र उत्पादकत्वमा वृद्धि हुने निश्चित छ। यद्यपि यहाँ केही नीतिगत अस्पष्टताहरु छन् जसलाई तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ। जस्तो कर्मचारीले तलबको साथै लाभांश प्राप्त गर्दा करको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक छ। राज्यले तलबमा कर लिने व्यवस्था छ तर सेयरबाट प्राप्त हुने आयमा कर कसरी लगाउने भन्ने विषयमा ऐन मौन छ। यस विषयमा तत्काल संशोधन गरी स्पष्टता दिनुपर्ने आवश्यकता छ जुन अब हामी प्रतिस्थापन विधेयकमा गर्न सकिन्छ। आज हामी विश्व प्रतिस्पर्धात्मक बजारमा छौं। पहिलाको जस्तो बन्द अर्थव्यवस्था क्लोज इकोनोमीमा हामी छैनौं। बजार शास्त्र र अर्थशास्त्रका नियमअनुसार बजार मूल्य माग र आपूर्तिले निर्धारण गर्दछ। हामी खुल्ला बजार नीति ओपन मार्केट पोलिसीमा छौं। व्यवसायी र व्यापारीले आफू खुसी बिक्री मूल्य तोक्न सक्दैनन्। माग र आपूर्तिले नै मूल्यलाई सही ठाउँमा ल्याउँछ। यो अन्तर्राष्ट्रिय मान्यता पनि हो। यसै सन्दर्भमा उपभोक्ता ऐनलाई पनि समय सापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ। राजस्व चुहावटको कुरा गर्दा हामी सधैं व्यवसायीलाई मात्र लक्षित गर्छौं तर यदि कुनै अनुसन्धान अधिकृत वा कर अधिकृत ट्याक्स अफिसरले बदमासी गर्छ भने त्यसलाई रोक्न हामीले के व्यवस्था गरेका छौ त। गलत तरिकाले दुःख दिने, कर अधिकृतलाई कारबाही गर्ने र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने हो भने राजस्व छली स्वतः कम हुन्छ। २०६५ सालमा तोकिएको ५० लाखको सीमालाई अहिलेको मूल्यवृद्धिसँग समायोजन गर्ने हो भने यो तीन करोडभन्दा बढी हुन आउँछ। नभए धेरै मुद्दा मामिलामा जानु परेर स्थापित उद्योगहरुको सञ्चालनमा अवरोध भइ उद्यमीहरूको मनोबल गिर्छ। अनि उद्योगहरु कसरी फस्टाउँछ त? लगानी कसरी बढ्छ? रोजगारी कसरी सृजना गर्न सकिन्छ? कि हाम्रो राष्ट्र सेवकहरु खाली मुद्दा मामिलामा मात्र अल्झिएर बस्ने हो त? अवश्य पनि होइन होला। त्यसकारण बढी मुद्दा मामिला बढाउनुभन्दा त्यसको न्यूनीकरण गरेर व्यावसायिक वातावरण निर्माण गर्नेतिर हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ। कम्पनी खारेजीलाई सहज बनाउने प्रावधान स्वागत योग्य छ। यसले व्यवसाय गर्न चाहने नयाँ उद्यमीलाई प्रोत्साहन मिल्नेछ। कम्पनी अहिले जागिर खाने व्यक्तिलाई तलबको साथै कम्पनीको स्वामित्व दिने वातावरण बनाएको छ। यसले कर्मचारीमा आफ्नोपनको भावना जगाउँछ। जसले उत्पाकदत्व बढाउँछ र देशको आर्थिक विकासमा टेवा पुग्छ। यस्तै बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गरेको असल

कर्जामा राख्नुपर्ने कर्जा नोक्सानी व्यवस्थालाई १.१ प्रतिशतमा घटाइएको थियो। तर यो व्यवस्था अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार नभएकोले यो व्यवस्थामा अझै लचकता अपनाउनुपर्ने व्यहोरा सम्माननीय अध्यक्ष महोदय मार्फत ध्यानाकर्षण गराएको थिए। अहिलेको अध्यादेशमा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार एक प्रतिशतमा झारेको छ। त्यसैले म सरकारलाई धन्यवाद दिन चाहन्छु। मुलुक स्तरोन्नति तिर गइरहँदा हामीले सहयोगको भरमा आफ्नो विकास गर्ने सोंचलाई त्यागेर आफ्नै पौरखले आत्मनिर्भर बन्ने सोंच अभिवृद्धि गर्नुपर्दछ। अब आफै आत्मनिर्भर बन्ने तिर लाग्नुको विकल्प छैन। साथै संघ, प्रदेश र स्थानीय तहले स्तरोन्नति पश्चात दिगो हुनको लागि महत्वपूर्ण कदम चाल्नुपर्छ। राम्रा विषयवस्तु अङ्गालेर नमिलेका लागि संशोधन गर्दै अघि बढ्न सकेमा हाम्रो आर्थिक स्थिति कमजोर हुनबाट जोगिन्छ। अध्यक्ष महोदय, हामी सबैलाई थाहा छ राणाकालदेखि २०४६ सालसम्मको अवधिमा नेपाली जनताले विश्वबाट अलग भएर एउटा अन्धकार युग बिताउनुपऱ्यो। विश्व विकासको गतिमा अगाडि बढ्दा हामी सताब्दिऔं सम्म पछाडि पऱ्यो। त्यसैले हामीले नारा घन्काएका थियौ अब हामी अग्रगामी सोचका साथ अगाडि बढ्नुपर्छ। आज विश्व तीव्र गतिमा विकास भइरहेको छ। यस्तो अवस्थामा युवा पुस्ताले गर्न सक्ने काममा अवरोध गर्नु हुँदैन। किनकि उनीहरुको काँधमा नै हाम्रो भविष्य अडिएको छ। देशको आर्थिक स्थिति सुधार्न उनीहरूलाई काम गर्न दिनुपर्छ। उनीहरूको जीवनसँग खेलवाड गर्नु हुँदैन। हामीले युवाहरुको विवेक, विचार र क्षमतालाई विश्व सामु पुऱ्याउन सक्नुपर्दछ। यदि हामीले यसो गर्न सकेनौं भने हामी अझै दशकौं सम्म विश्वको प्रविधिबाट टाढा रहनेछौं र अन्धकारमा पर्नेछौं। अन्त्यमा म सबैलाई आह्वान गर्न चाहन्छु कि हामी एकताबद्ध भएर अगाडि बढौं। युवा पुस्तालाई प्रोत्साहन गरौं। साथ दिऔं र आत्मनिर्भर नेपाल निर्माणमा योगदान गर्न सफल हौं। धन्यवाद।

(१४:३४ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य माया प्रसाद शर्मा। समय १३ मिनेट। त्यसपछाडि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३४ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, हामी धेरै विषयहरूमा छलफल गरिराखेका छौं। विषयका हिसाबले म शिक्षासँग केन्द्रित भएर अलि बढी समय लिनेछु। र पूर्ववक्ता माननीयज्यूहरूले जसरी आफ्नो विषयवस्तुलाई राखुभयो। उहाँलाई सम्मान व्यक्त गर्न चाहन्छु र त्योसँग मेरा धेरै विषयहरू एकाकार

भएको जानकारी गराउन चाहन्छु। र विशेष गरेर यो शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने हाम्रो माननीय कृष्ण सिटौलाले सबिस्तार इतिहासको व्याख्या सहित गर्दा धेरै उजागर भएको छ।हामी सत्ता र प्रतिपक्ष हुँदा खेरि अवश्य पनि बेन्चका हिसाबले तर वरपर हुन्छौं। गणतन्त्र वा अर्को कुनै भन्दाखेरि पनि हामी त्यहाँ बेञ्च छ। गणतन्त्रवादीहरूको एउटा बेञ्च छ। जति बेला लामो समयसम्म राजावादीहरू पनि रहिराख्छन् त्यो एउटा विचार हो। त्यो कहिलेकाँही कमजोर अवस्थामा देखा पर्छ। हामीले कमजोरी गर्दाखेरि देखा पर्छ। कहिलेकाँही सलबलाउँछ। आफै फेरि शान्त भएर जान्छ। हामीलाई एउटा कुरा के कुरा खबरदारी गरेको छ भने यदि तिमीहरुले गल्ति गऱ्यौ यदि गणतन्त्रको मूल्य मान्यतालाई अस्वीकार गऱ्यौ। जनताको बलिदान ,त्याग तपस्या र समर्पणलाई बेवास्ता गऱ्यौ भने छुट छैन भनेर भन्छ। यसलाई हामीले त्यतातिर हामीले सोच्यौं भने यसलाई जतिसुकै आए पनि बेला मौकामा आउनेहरु हुन्। तिनी समाप्त भएर जान्छन्। र हामी एकजुट हुन जरुरी छ, आवश्यकता छ। मान्छेले भन्छन् आन्दोलन कहाँ गरे? के गरे? विदेशमा गए कता गए। सबै आन्दोलनहरु विदेशबाट हुन्छ। राणाका विरुद्ध पनि विदेशमै बसेर आन्दोलन थियो। दरबारका विरुद्धको पनि विदेश मै बसेर आन्दोलन थियो। र विभिन्न प्रकारका आन्दोलनहरु साइबेरियामा भएका ठुलठुला मैले इतिहास लामा भन्न चाहन्न बसेर आन्दोलन भएका थिए र परिवर्तनहरु भएका थिए। त्यसकारणले परिवर्तन मुख्य हो कि होइन भन्ने विषय हो। हामीले जुन परिवर्तनद्धारा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशी प्रणालीलाई स्थापित गरेका छौं। यो जसले स्थापित गरेको त्यसको संरक्षण गर्ने। विकासको रक्षा गर्ने। त्यसैको कर्तव्य हुन्छ। त्यो हाम्रा चाहिँ जिम्मामा छ। हामीले त्यसलाई गम्भीर भएर, एकता भएर गर्नुपर्छ। यी स्वर भिन्न भिन्न खालका छन्। फरक फरक दर्शनबाट फरकफरक सोंचबाट हामी उपस्थित छौं तर एउटै हाम्रो मूल्य मान्यता के छ भने गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रणाली लगायतका विषयवस्तु हामीहरूले स्थापित गरेका छौं। यिनी साझा हुन्। यो साझा विषयवस्तुहरूका बारेमा लड्नुपर्छ। यति बेला एउटा चर्चामा आएको छ। विशिष्ट व्यक्तिहरूको यो कुबेलामा आयो। त्यसै खानु भन्दा त कागज बनाएर खाने त ठिकै हो। तर कुबेलामा आयो। हावा हुरी उल्टो दिशामा चलिरहेको बेलामा जो आयो। यसमा सरकारले ध्यान दिनुपर्छ। यो कतै ल्याउन खोजेको कतै अड्किएको के हो? ल्याउन लाग्या थिएनन् त भन्ने छ। तर अड्किएको छ जस्तो लाग्छ। त्यसलाई हामीले अहिले ल्याउन हुँदैन। त्यो गलत हुन्छ। त्यसले झन् आज आगोमा घ्यू थप्छ। त्यो गर्नु हुन्न। म अर्को तिर एउटा अब मेरो विषयवस्तु तिर जान्छु। म एउटा शिक्षासँग सम्बन्धित विषयहरूमा टिचर भएर लामो समयसम्म अलिकता त्योसँग सरोकार राख्ने पात्रका हिसाबले र हाम्रो देशलाई, राष्ट्रलाई, अन्तर्राष्ट्रलाई जसलाई पनि सबैभन्दा उँभो लगाउने चिज

भनेको शिक्षा हो। राजनीतिज्ञ उत्पादन गरोस्। डाक्टर उत्पादन गरोस्। इन्जिनियर उत्पादन गरोस्। वकिल उत्पादन गरोस्। पाइलट उत्पादन गरोस्। विज्ञ किसानहरू उत्पादन गरोस्। प्राध्यापक शिक्षक जो सुकै उत्पादन गरोस्। त्यो शिक्षाबाट मात्रै हुन्छ। शिक्षा कमजोर बनाइदिने हो भने राज्य आफै तहसनहस हुन्छ। डाक्टरले अप्रेसन गरेन। वकिलले ठिक ढंगले गरेन। न्यायाधीशले ठिक ढंगले फैसला गरेन। इन्जिनियरले राम्रोसँग नापेन भने राष्ट्र खैलाबैला हुन्छ। बेठीक हुन्छ। यतिबेला मलाई लागेको छ अब हामीले लामो समय इतिहासका पाटा शिक्षासँग सम्बन्धित विषयहरू हामीले अध्ययन पनि गरेका छौं। हेरिराखेका छौं। प्रायः हामीले शिक्षाहरू कहिले गुरुकुल शिक्षाका रूपमा विकास भएका थिए। जनकपुरमा संस्कृत जनक भाषासँग सम्बन्धित रहेर, किराँतमा गुरुकुल शिक्षा यस्तै कपिलवस्तुमा भौतिकवादी शिक्षा गौतम बुद्धको प्रतिपादित गरेको लगायतका तमाम खालका शिक्षाहरू पैदा भइ राखेको स्थिति थियो। र पछि १९१० मा जङ्गबहादुर राणाले आफ्नो परिवार आफ्नो साखा सन्तान पढ्नका लागि एउटा स्कुल खोलिएको थियो। त्यो पछि धेरै वर्षपछि करिब ३२/३३ वर्षपछि झन आज पछि स्कूलहरू ००६ सालदेखि यतातिर अलि बढी स्कूल खुल्न सुरु गरेका छन् र त्यही अनुसारको जुन प्रकारको आज ३७ वर्ष पुरानो विद्यालय संख्या आज हेर्दा खेरी ३६,००० मा पुगेको छ। अब हामीले ३७ वर्ष पछि हेऱ्यौं भने ६७ हेऱ्यौं भने त्यो ३६ सालमा विद्यालयहरू पनि फेरि भिन्न ढंगले विकसित पनि भए। र निजी विद्यालयको प्रारूप भयो र त्यसपछि गएर अहिले सन्तानब्बे लाख विद्यालय उसको सामुदायिक विद्यालय शिक्षालयहरू छन् भने २४ लाख निजी विद्यालयहरू छन्। मलाई लागेको के छ भने मैले भन्न खोजेको विषय हाम्रो कानुन ऐन पुरानो छ। यो ऐनलाई हामीले कहिले बनाउँछौं। हामी ०२८ सालको ऐन अहिलेसम्म हामीले त्यो लास बोकी राखेका छौं। शिक्षालाई अगाडि बढाउन त्यसले बाधा अड्चन गरिराखेको छ। हाम्रो परिवर्तन धेरै पटक भइसक्यो। त्यो पनि नौ नौ पटक संशोधन भइसकेको स्थिति छ र त्यसपछि गएर हामीले उसको ०४९ सालमा ०५५ सालमा ०५९ सालमा लगायत धेरै पटक संशोधनहरु गरेको स्थिति छ। अहिले त्यो विधेयक प्रतिनिधि सभाको समितिमा आएर छलफलमा गएको छ। मलाई विश्वास छ। म भरोसा गर्छु। हाम्रो शिक्षा मन्त्री हुनुहुन्छ। उहाँलाई मैले आशा भरोसा उहाँको छलफल हैन एउटा गतिविधि हेर्दाखेरि यसमा अलि बढी रुचि छ हुटटुटी छ भन्ने मलाई लाग्छ। तपाईंकै पालामा शिक्षकहरूले आन्दोलन गरेको कुरालाई सम्बोधन गर्नुभयो भने तपाईंको अहिलेसम्मको आज झन् उचाइ प्राप्त गर्नुहुनेछ यो कसैले छेक्न सक्दैन। तपाईंले मेहेनत गर्नुहुनेछ। शिक्षकहरू आज सडकमा छन्। आन्दोलनमा छन्। तिनीहरू सत्ता परिवर्तनका लागि होइन। सरकार परिवर्तनका लागि होइन शिक्षा विधेयक परिवर्तनका लागि उनीहरुको आन्दोलन छ। र मलाई ऐक्यबद्धता जाहेर गर्न पनि चाहन्छु कि त्यो बाट हामीले

गम्भीरतापूर्वक सचेततापूर्वक त्यो ऐनलाई बदल्न, संशोधन गर्न जरुरी छ। त्यो पुरानो भइराखेको छ। अनि तपाईंलाई हामी सबैले हेरिराखेका छौं कि अहिले शिक्षा ऐन एउटा छ। तर सहायक ऐनहरू प्रत्यायोजित ऐनहरू एकदम कार्यान्वयको स्थितिमा रहेका छन्। नियमावली आठवटा छन्। निर्देशिका नौवटा छन्। कार्यविधि तेह्रवटा छन्। मापदण्ड एउटा छ। यसरी विभिन्न प्रकारका आफ्नो मनपरी तरिकाले मोनोपली तरिकाले कार्यान्वयन गर्ने र त्यसपछि गएर अगाडि बढ्ने स्थिति छ। ३१ वर्ष पुरानो त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित उच्च शिक्षा उसको विभिन्न प्रकारका विश्वविद्यालयसँग सम्बन्धित उच्च शिक्षा ऐन पनि छ त्यो पनि थन्किएको छ। त्यो पनि एउटा अकर्मण्यतामा परेको छ। हामीले एउटा अध्ययन प्रत्यायोजित विधायनसँग अध्ययन गर्दा खेरी ९८ वटा प्रत्यायोजित कानुन बनाएर त्रिभुवन विश्वविद्यालयहरू चलिराखेको स्थिति हामीले पायौं। त्यस्तै हेर्दा तेत्रो कानुनहरू प्रत्यायोजित कानुनहरू, सहायक कानुनहरू बनाएर कसरी चल्छ शिक्षा? कसरी हामीले अगाडि बढाउन सक्छौं? यो विनियमहरू ३५ वटा। कार्यविधि १७ वटा। निर्देशिका १७ वटा। कार्यप्रणाली १९ वटा। यसरी विभिन्न प्रकारका बनाएर त्यो चलि राखेको स्थिति छ। उच्च शिक्षा ऐन विद्यालय व्यवस्था शिक्षा ऐन यिनी तुरुन्त ल्याउन पर्ने जरुरी भएको छ र आवश्यकता देखिन्छ। र यसलाई हामीले हेर्छौं कि हाम्रा अगाडि संविधान छ। संविधानले के निःशुल्क शिक्षा भनेको छ? हामीसँग निजी विद्यालय छ। हामीसँग सामुदायिक विद्यालय छ। यसलाई हामीले कसरी समायोजन गर्छौं? हामीले शिक्षासँग सम्बन्धित हक प्रत्येक नागरिकलाई आधारभूत शिक्षा हकको पहुँच हुनसक्ने। नागरिक प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य रुपले र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने। दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर तथा बोलाइमा विभिन्न अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृ भाषा, शिक्षाको मातृ भाषामा शिक्षा पाउने त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न पाउने भनेर यस्तो किसिमको उल्लेख गरेको छ। अब यसलाई हामीले अर्को तिर हेऱ्यौं भने संविधानले दिएको निःशुल्क शिक्षा छ। यसलाई हामीले कसरी जोड्छौं? निजी विद्यालयलाई हामीले हेऱ्यौं भने के गर्छौं त्यसलाई? हामीले यसलाई यो पहिले पनि कस्तो रहेछ भने यो उसलाई कानुन बनाउँदा खेरी यहाँ त्यो निजी विद्यालयसँग सम्बन्धित सातौं संशोधनमा एउटा संशोधन हुँदा निजी विद्यालय, सामुदायिक विद्यालय र विद्यालयलाई सामुदायिक विद्यालय निजी विद्यालय संस्थागत विद्यालय भनी नामकरण गरिएको स्थिति रहेछ।अब यता हेऱ्यौं भने यसलाई समायोजन

कसरी गर्न सक्छौं? उता हामीलाई थाहा छैन भनेर भन्दिन्छौं कहिलेकाँही। यसलाई हामीले जिम्मेवारी तहबाट हामीले शिक्षकलाई, शिक्षालाई domination गर्ने गरी अपहेलन हुने गरी घृणा उत्पन्न हुने गरी किन हाम्रा अभिव्यक्तिहरू आउँछन्। जुन नआउनु पर्ने क्षेत्रबाट, नआउनुपर्ने व्यक्तिबाट। यस्तो हुँदाखेरी के हुन्छ त? सही हुन्छ त? यसकारणले यसलाई हामीले कसरी हामीले नियमन र नियन्त्रण गर्न सक्छौं? हामीले यी यी कुरालाई पनि हामीले हेरेर शिक्षाको व्यवस्थापन गर्न जरुरी छ जस्तो मलाई लाग्छ। शिक्षाको प्रकृति हेर्दा हामीसँग एउटा स्तुतिवादी शिक्षा छ। जसले सामन्तको चाकरी, चाप्लुसी हुन्छ उसले सधैं रैती हुन चाहन्छ। उसको दास हुन चाहन्छ। त्यो पनि अहिलेसम्म पनि कायमै रहिराखेको स्थिति छ। अर्कोतिर हामीले पुँजीवादी शिक्षा छ। धन नै सबैथोक हो। पैसाले नै देश किन्न आँखो भने आँखो, कान भने कान किन्न पाइन्छ भनेर मान्छेलाई त्यतैतिर orientation गरिराखेको छ। अर्को समाजवादी शिक्षा छ। जसलाई हामीले संविधानमा पनि उल्लेख गरेका छौं कि समाजवादको सबैतिर हामीले हस्तक्षेप गर्‍यौं भने समाजवाद स्थापनाका लागि सबभन्दा शिक्षाको जरुरी हो भन्छम र त्यसले जनताप्रति प्रतिबद्ध, नियमप्रति प्रतिबद्ध, श्रमजिवि वर्गप्रति प्रतिबद्ध बनाउने शिक्षा उत्पादन गर्ने क्षेत्र हो। यसरी हामीले हेर्‍यौं भने सामान्य शिक्षा, बहुप्राविधिक शिक्षा र व्यावसायिक शिक्षाहरूमा परिणत गर्दै हामीले यो कुरालाई हामीले लिनुपर्नेछ। हामीले ध्यान दिनुपर्ने कुरा छ शिक्षा संशोधन सुधार गर्दाखेरी द्वन्द्व पीडित शिक्षकहरू छ, अस्थायी शिक्षक छ, साविक उच्च मा.वि. शिक्षकहरू छन्। बाल शिक्षकहरू छन्। अस्थायी करार शिक्षकहरू छन्। प्राविधिक धारहरू भएका शिक्षकहरू, विषय शिक्षा जो बहिरा अपाङ्ग भनेर भनिन्छ। उहाँलाई त्यो अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा छ। विषय शिक्षा, शिक्षा सिकाइ अनुदान एउटा संस्थागत विद्यालयका शिक्षक लगायतका तमाम खालका कर्मचारीहरू, शिक्षकहरू रहेको छ। यसलाई हामीले सम्बोधन गरेर मात्र शिक्षा पूर्णता दिन शिक्षा विधेयक पूर्ण रुपले आउँछ। यसलाई पनि ध्यान दिनुहुनेछ सरकारले विशेष जोड गर्नुहुने हुनेछ र शिक्षालाई सीपसँग सीपलाई रोजगारीसँग रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने पद्धति लियौं भने हामी आत्मनिर्भर हुन्छौं। हामी सशक्त हुन्छौं। हाम्रो देश उँभो लाग्छ। हाम्रो कल्याण हुन्छ। यता तिर हामीले सोच्यौं भने निःशुल्क, अनिवार्य र उसको सर्वसुलभ शिक्षाको प्राविधिक तथा बहुप्राविधिक शिक्षाको प्राज्ञिक तथा प्राविधिक शिक्षाको उत्पादन श्रमसँग जोडिएको व्यावसायि शिक्षाको स्वास्थ्य र शारीरिकसँग सम्बन्धित शिक्षाहरूलाई हामीले संगठित गर्न सक्यौं भने हामीले सबैलाई विदेश जान होइन कि हामी यही देशमा राखेर आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सक्छौ र निराशालाई हामी चिर्न सक्छौं। निराशा चिर्ने पहिलो आधार भनेको शिक्षा हो। शिक्षामा विशेष जोड दिने र ध्यान

दिने र यसलाई व्यवस्थित गर्न सक्यौं भने सबैको चेतना बुद्धि विवेक वर्कत यसैले कायम गर्छ र अरु सबै अवयवहरुलाई परिचालन गर्छ भन्ने कुरा राख्दै... धन्यवाद।

(१४:४८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ७ मिनेट।

(१४:४८ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाली श्रमिकहरू कामको खोजीमा हरेक वर्ष आठ लाखको हाराहारीमा विदेशिइरहेको विदेशमा गइरहेको तथ्याङ्क छ। विदेशिनु रहर होइन बाध्यता हो। कतिपय देशहरूमा युद्ध छेडिँदैछ युद्धरत देशमा जानको लागि श्रमिकहरूलाई अनुमति दिनु हुँदैन। जुन देशमा हाम्रो दुतावास छैन। श्रम सहचारी छैन ती देशहरूमा जाने अनुमति दिनु हुँदैन हामीले। विदेशमा काम विदेशमा कसैको आफन्त छैनन् हुँदैनन् पनि यसर्थ सबै सूचना जानकारी लिएर जानको लागि पनि म आग्रह गर्न चाहन्छु। अहिले कतिपय देशबाट नेपालीहरू फिर्ता भइरहेका छन्। यो गम्भीर विषय छ। यो विषयमा चिन्तन मनन गर्नु आवश्यक छ। र नेपाललाई सुरक्षित राख्न पनि जरुरी छ। रोजगारी प्राप्त गर्ने अधिकार भन्दा पनि बाँच्न पाउने अधिकार ठुलो हो। कतिपय मेनपावर कम्पनीहरूले अवैध कारोबार गरेका विदेशमा नेपाली श्रमिकहरूले दुःख पाएका बारम्बार सूचनाहरु बाहिर उजागर भइरहेका छन्। वैदेशिक रोजगारीमा जाँदा सुरक्षित रूपमा युद्ध नचलेका देशहरूमा जान उपयुक्त हुन्छ। नेपाली श्रमिकहरु २०६१ सालमा इज्रायलमा १२ जना, २०६७ सालमा अफगानिस्तानमा ५ जना, ७१ सालमा काबुलमा ११ जना, २०८० साल असोजमा इजरायलमा १० जना विद्यार्थीहरु मारिए भने कृषि सम्बन्धी विषयको प्रयोगात्मक अध्ययनको लागि गएका विपिन जोशी अहिले पनि बेपत्ता नै छन्। रसिया र युक्रेनको युद्धमा भएको युद्धमा ४० जना नेपाली मारिएका र अरू पनि मर्न सक्ने सम्भावनाको सूचना परिवारका सदस्यहरूले सरकारलाई गराएका छन्। वैदेशिक रोजगारमा ११ लाख भन्दा बढी रहेको अनुमान गरिएको छ। तिनीहरू मध्ये विरामी अवस्था र उपचार नपाएर या अन्य कारणले १२,७४३ जनाले जीवन गुमाएका छन्। आफ्नो देशभित्र रोजगारीको अवसर नपाएर विदेशिएका श्रमिकहरूले पठाएको विप्रेषण वा रेमिट्यान्सको सही सदुपयोग गर्नु पनि आवश्यक छ। सम्माननीय अध्यक्ष महोदय, योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गरिएको छ। कोषमा कोषका उपनिर्देशक केदार ज्ञवालीको अनुसार कोषमा हाल सम्म १० लाख ६६ हजार श्रमिकहरु आबद्ध भइसकेका छन्। अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई पनि कोषमा आबद्ध गराउनको लागि

भनेर कार्यविधि परिमार्जन गर्ने संशोधन गर्ने खोजिएको थियो त्यो के भएको छ? जब वैदेशिक रोजगारी ऐन, २०६३ नै संविधान अनुकूल र समसामयिक छैन। संविधानको धारा ३३ ले रोजगारीको हकको सुनिश्चित गरेको छ। प्रत्येक नागरीकलाई रोजगारी छनौट गर्ने हक पनि प्रदान गरेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रले राज्यका तीनवटा तह तय गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तह। स्वदेशमा काम गर्ने श्रमिकहरु वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको पञ्चिकरण अभिलेख राख्न आवश्यक छ। कुन देशमा कति श्रमिकहरू छन् भन्ने लेखाजोखा गर्न पनि आवश्यक छ जसले गर्दा विपद् र अप्ठ्यारोमा परेको बेला राज्यले उद्दार गर्न सक्दछ। केही म्यानपावर कम्पनीहरुले फ्री भिसा फ्रि टिकट भनेर रकमको असुली गरिरहेका छन्। ठगि गर्ने अरु देशको बाटो प्रयोग गरेर पठाउने रोजगारीमा रोजगारीका तलब र तलब नपाउने दुःख पाएका घटनाहरु बारम्बार सञ्चारका माध्यमहरूले उजागर गरिरहेका छन्। त्यस्ता कम्पनी सञ्चालकहरूको अनुगमन, निरीक्षण र छानबिन गर्न कम्पनीलाई कानुनी दायरामा ल्याउन र कारवाही गर्न आवश्यक छ। यसतर्फ सरकारले ध्यान दियोस् भन्न चाहन्छु। कै सञ्चालन कतिपय मेनपावर कम्पनीहरुको दर्ता र नवीकरण भएको छैन। यत्तिकै सञ्चालन गरि राखेका छन्। तिनको खोजी गर्न पनि आवश्यक छ। वर्तमान अर्थतन्त्रमा आएको सिथिलतालाई अन्त्य गर्न विश्वसनीय वातावरण सिर्जना गर्न, आर्थिक गतिविधिलाई चलायमान बनाउन, आन्तरिक र बाह्य लगानी आकर्षण गर्न, मुलुकभित्र नै मर्यादित रोजगारीको सिर्जना गर्ने योजना बनाउन आवश्यक छ। ढिलो भइसकेको छ यसतर्फ सरकारले योजना बनाओस् भन्न चाहन्छु। देशभित्र आन्तरिक रोजगारी सृजना गर्न, दक्ष जनशक्तिको उत्पादन गर्न, प्रविधियुक्त शिक्षा र तालिमको व्यवस्था गर्न प्रदान गर्दै आएको प्रविधिलाई अझ विकास गर्न आवश्यक छ। रोजगारी उपलब्ध गराउन सक्ने उद्योगको उद्योगधन्दा, पर्यटन क्षेत्र, कृषि, पशुपालन, लगायतका अन्य विविध क्षेत्रहरूको पनि खोजी गर्न आवश्यक छ। वैदेशिक रोजगारीबाट फर्किएका नेपाली श्रमिकहरूले सिकेका सीपहरूलाई सीपहरूको पहिचान गरी उहाँहरूको सीप अनुसारको उपयोग गर्ने र रोजगारीको वातावरण सिर्जना गर्न पनि आवश्यक छ। सम्बन्धित तहका सरकारले देश भित्र आन्तरिक रोजगारीलाई प्रोत्साहन र सुरक्षा सहज वातावरण सृजना गर्दै तत्कालीन र दीर्घकालीन योजना बजार व्यवस्थापन लगायतका तजबिजिको व्यवस्थापन गर्न पनि आवश्यक छ। बन्द भएका उद्योग धन्दाहरूको जीर्णोद्धार गर्ने, नयाँ उद्योगको लागि योजना बनाउने, निजी क्षेत्रलाई आकर्षण गर्ने जस्ता विषयमा गम्भीर रुपमा सोंच्नुपर्ने भएको छ। नेपाली श्रमिकहरु बाह्य देशमा सुरक्षित छैनन्। यदि स्वदेश भित्रै रोजगारी प्राप्त हुने हो स्वदेश मै रोजगारी प्राप्त गर्न सक्यौं भने बाहिर जाने छैनन्। त्यसले गर्दा सरकारले हरेक वर्ष आश्वासन बाँडी रहेको छ। हरेक वर्ष चाहिँ जीर्णोद्धार गर्ने, उद्योगहरू स्थापना गर्ने र पुराना भएका उद्योगहरुमा लगानी

गर्ने भन्ने कुरो चाहिँ हाम्रा नीति कार्यक्रममा आउँछ। तर बजेटमा आउन सक्दैन केही बजेटमा आएका कुराहरु पनि कार्यान्वयन हुन सकिरहेको छैन। सरकार अविच्छिन्न सरोकारवाला निकाय हो। अघिल्लो सरकारले गरेको कामलाई निरन्तरता दिने र समसामयिक रुपमा चाहिँनी अगाडि बढ्ने। आज हामीले ठुलो जनसङ्ख्या वैदेशिक रोजगारीमा पठाउँदाखेरि युवा विहीन राष्ट्र बनिरहेको छ। आज हरेक जनसंख्याको एउटा पातलिने स्थिति सिर्जना भइरहेको छ। जनसंख्याको असन्तुलित स्थिति सिर्जना भइरहेको छ। अहिले विकासका गतिहरू गाउँमा पुगेका छन् सडकहरू पुगेका छन् खानेपानी बिजुली पुगेको छ तर जनसंख्या छैन। र जो छ घरहरु खाली हुँदै छन् र त्यहाँ जेष्ठ नागरिकहरु मात्रै छन् र त्यहाँ सामाजिक सुरक्षाको प्रदान गर्नुपर्ने जुन एउटा राज्यले प्रदान गरिरहेको छ यो प्रदान गर्न कठिन हुने अवस्थाहरु सृजना हुँदैछ। युवाविहीन हुँदैछ यसतर्फ राज्यको ध्यान जना आवश्यक छ, योजना बनाउन आवश्यक छ, यसतर्फ सरकारले गम्भीर भएर योजना बनाओस्। र अन्तर्राष्ट्रिय क्षेत्रमा असुरक्षित भएका नेपालीहरूको तथ्य तथ्याङ्कहरु चाहिँ जिम्मेवारीपूर्ण स्थानीय तहले राख्नलाई वडा तहसम्म पनि आवश्यक छ। त्यसले गर्दा कति आन्तरिक अनौपचारिक क्षेत्रमा छन्। उनीहरुमाथि भएको शोषणका कुराहरू, विभेदका कुराहरू के छन् भन्ने सम्बन्धित मन्त्रालयको सरोकारको विषयवस्तु पनि हो। म सम्माननीय अध्यक्ष मार्फत सम्बन्धित सरोकारवाला मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१४:५० बजे) <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१४:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरु, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई बैंकिङ कसुर तथा सजाय (दोहोरो संशोधन) विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:५६ बजे) <u>विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री तुलसा कुमारी दाहाल</u>:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सम्वत् २०८१ साल फागुन २३ गते बसेको २३ गतेको बैठकले प्रतिनिधि सभाबाट पारित भइ सन्देश सहित प्राप्त बैंकिङ कसुर तथा तथा सजाय (दोस्रो

संशोधन) विधेयक, २०८० माथि दफावार छलफलका लागि विधायन समितिमा पठाएको थियो। यस विधेयक उपर २६ जना माननीय सदस्यहरूले १० वटा बुँदामा संशोधन दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्ताव सहित विधेयक माथि सम्वत् २०८१ साल फागुन २७ गते सैद्धान्तिक छलफल भएको थियो। विधेयकको कार्य सूचीमा आधारित भएर समितिका जम्मा ३ वटा बैठक बसेका थिए। प्रस्तुत विधेयकले बैङ्किक तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने चेक अनादर जस्ता कसुर जन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाई सो उपर हुने सजाय र अदालती प्रक्रियालाई अझ पारदर्शी तथा सहजीकरण गर्ने उद्देश्य लिएको छ। समितिका बैठकहरूमा विधेयक प्रस्तोता माननीय मन्त्री, संशोधनकर्ता माननीय सदस्यहरु, प्रस्तोता मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध कर्मचारीहरु लगायतका व्यक्तिहरूको उपस्थित रहेको थियो। प्रतिवेदन समितिको प्रतिवेदनले विधेयकको ३ वटा दफामा संशोधन गरी विधेयकलाई थप परिमार्जन गरेको छ। यस विधेयकमाथि भएका छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखनमा समेत सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा सम्वत् २०८१ साल चैत्र ३ गते पारित बैङ्किङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:५९ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री विद्या भट्टराई**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५९बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधान व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:०० बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री विद्या भट्टराईः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:०१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेटभित्र अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१५:०२ बजे) माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि हामी छलफल गर्न गइराखेका छौं। यो विधेयक नेपाल सरकारको तर्फबाट प्रस्तावित सदनमा टेबल गरिएको। त्यसपछि यसको सैद्धान्तिक छलफलपछि विधायन व्यवस्थापन समितिमा व्यापक रूपमा चाहिँ छलफल सम्बन्धित सरोकारवाला विज्ञ, विशेषज्ञ र संशोधन गर्ने माननीयज्यूहरु सहितको उपस्थितिमा छलफल भइ प्रतिवेदनसहित अहिले यो पेश गरिएको छ। यो नेत्र विश्वविद्यालय जुन आँखा उपचार सम्बन्धी यो एउटा पहिलो विश्वविद्यालय विधेयकको रूपमा पनि आइराखेको छ र यसले आगामी दिनमा आँखा उपचारको क्षेत्रमा त्यो क्षेत्रमा भएका चाहिँ प्राविधिक पक्षहरु जसले चाहिँ अहिले एउटा विश्वभरि आँखा उपचारकै क्षेत्रमा एउटा ब्राण्डिङ पनि जस्तो स्थापित भएको छ र एउटा नेपालकै सन्दर्भ आउँदाखेरि चाहिँ यो रोजगारीको दृष्टिकोणबाट, आयआर्जनको दृष्टिकोणबाट र राम्रो र उन्नत स्तरको चाहिँ उपचारको दृष्टिकोणले पनि सहज हुने भएको कारणले गर्दाखेरि मैले यसलाई स्वागत सम्मान पनि गर्न चाहन्छु र

यसका कतिपय प्रावधानहरु थपघट गर्नुपर्ने हुनसक्छ। ती विषयहरू चाहिँ फेरि समयक्रममा फेरि यसलाई व्यवस्थित गर्दै लिएर जान सकिन्छ र अहिले यो जुन छलफल सहितको चाहिँ प्रतिवेदनसहित आएको छ र यसलाई सम्मान गर्दै म मेरो आफ्नो चाहिँ धारणा यति राख्न चाहन्छु हस् त नमस्ते।

(१५:०४ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:०४ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, यो विधेयक ठिक छ। सही छ। समय सान्दर्भिक छ। यो व्यापक छलफल बहस गरेर सबै प्रकृति, प्रवृति र सरोकारवालासँग छलफल गरेर आएको छ। आर्थिक रूपले पनि राज्यले धेरै अब व्ययभार व्यहोर्न पर्ने स्थिति छैन। र अन्तर्राष्ट्रियस्तरमा पनि यो एउटा स्थापित भइराखेको स्थिति र आँखा विशेष गरेर संसार देख्ने साधन भएका कारणले यो देशका सबै एउटा त्यो सँग सरोकार आवश्यक रहने मान्छेहरूका निमित्त पनि यो बढी महत्वपूर्ण हुने विषय र विधेयक भएका कारणले हामी सबैको विधायन समितिमा हामीले संशोधन प्रस्ताव राखेर छलफल गरेर बहस गरेर एक मतका साथ पारित गरेका कारणले यो विधेयकप्रति धन्यवाद स्वागत गर्न चाहन्छु र सही भएको जानकारी दिन चाहन्छु। धन्यवाद।

(१५:०५ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:०५ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, संसारमा विभिन्न प्राणीहरू प्राणीहरूमध्ये एक मान्छे मान्छेका विभिन्न अङ्गहरू। यो अङ्गहरूमध्ये एक आँखा। आँखाको बारेमा आँखाको स्वास्थ्यको बारेमा एउटा विश्वविद्यालय निर्माण हुन गइरहेको छ। तिलगंगा नेत्र विश्वविद्यालय। नेत्र विश्वविद्यालय। यो विश्वविद्यालयको बारेमा धेरै कुराहरू अगाडी आइसकेको छ। विधेयकको दफावार छलफलमा पनि हामीले धेरै कुरा राखेका छौं। यो विश्वविद्यालय मेरो विचारमा विश्वकै सम्भवतः एउटा नौलो र पृथक खालको विश्वविद्यालय हुनेछ। शरीरको मान्छेको शरीरको एउटा अङ्गका बारेमा निर्माण हुन लागेको विश्वविद्यालय त्यसैले यसको बारेमा धेरै प्रावधानहरू जुन छन्। यसको दफावार छलफलमा मैले

विगतमा भाग लिएकै थिए। त्यसैले ती बारेमा मेरो सहमति छ। मेरो भन्नु केहि छैन। ती सहमतिहरुबाट म रिफ्लेक्स बुझिएन र रोल ब्याक गर्ने पक्षमा चाहिँ छैन तर एउटा कुरा अब यसको बारेमा यो विधेयकको बारेमा यो विधेयकमा एउटा जुन मानार्थ विश्वविद्यालय deemed university को जुन परिभाषा छ। यो परिभाषामा एउटा कुरा पुगेन भन्ने मलाई लागेको छ। त्यसैले मैले त्यतातिर माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहेको छु। मानार्थ विश्वविद्यालयको परिभाषाको बारेमा त्यहाँ सम्बन्धन नदिने विश्वविद्यालय मानार्थ विश्वविद्यालय भनेर भनिएको छ। मलाई लाग्छ त्यति मात्रै चाहिँ होइन। त्यो हो। सम्बन्धन नदिने तथा अन्य व्यवस्थाहरू गर्ने विश्वविद्यालय मानार्थ विश्वविद्यालय हो। deemed university हो। तर त्यति मात्रै चाहिँ होइन किनभने त्यस्तो मानार्थ मानार्थ मतलब सम्बन्धन नदिने तर विश्वविद्यालयको स्तरमा पठनपाठन हुने थुप्रै थुप्रै शैक्षिक निकायहरु हुन्छन्। शैक्षिक संस्थाहरू हुन्छन् जस्तै इन्डियाको आइ.आइ.टी (Indian Institute Of Technology), बैङ्कको ए.आइ.टी. (Asian Institute Of Technology), बोस्टनको एम.आई.टी. (Massachusetts Institute of Technology) यस्ता यस्ता चाहिँ जुन संस्थाहरू छन् यी विश्वविद्यालय होइनन्। तर यी के हुन त भन्दाखेरि विश्वविद्यालय सरहका संस्था हुन्। त्यसैले मानार्थ विश्वविद्यालयको परिभाषामा सम्बन्धन नदिने विश्वविद्यालय तथा सो सरहको शैक्षिक संस्था पनि हुनुपर्दछ। त्यसो भयो भने मानार्थ विश्वविद्यालय deemed university को परिभाषा सही हुन्छ। सत्य हुन्छ भन्ने मलाई लाग्छ। तर यो प्रतिवेदनमा अस्तिनै मैले पढेसम्म फेरि परिवर्तनहरू आएको भए मलाई थाहा छैन। अस्तिनै मैले पढेसम्मको अपडेट भएसम्मको जुन परिभाषा छ मानार्थ विश्वविद्यालयको त्यसमा यो कुरा छुटेको छ। त्यसैले यो कुरा राखियोस् भनेर भन्न चाहन्छु र अरु सबै साङ्गोपाङ्गो जुन प्रावधानहरू छन् यसमा मेरो सहमति छ। अघि अघि अघि पनि मैले भने सम्भवतः यो विश्वविद्यालय संसारको एउटा नौलो विश्वविद्यालय हो। त्यसैले यसलाई स्वागत गर्न चाहन्छु। धन्यवाद।

(१५:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य पदम बहादुर परियार।

(१५:०८ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक हामीले विधायन समितिमा धेरै नै छलफल गरेर गहिरोसँग छलफल गरेर यो चाहिँ प्रतिवेदनसँग चाहिँ आएको छ। मलाई लाग्दछ नेपालको इतिहासमा यो ज्यादै एउटा राम्रो काम हुँदैछ। एउटा राम्रो नीति बन्ने प्रक्रियामा हामी अगाडि बढेका छौं। खासगरीकन

हामीले २०४६ पछाडि २०४६/०४७ पछाडि जुन खुल्ला समाजको परिकल्पना गऱ्यौं हामी त्यो बाटोमा हिँड्यौं त्यसपछाडि एउटा गैरसरकारी संस्थाको रूपमा जुन सेवा विस्तार गर्दै गर्दै र एउटा विशेषज्ञ संस्थाको रूपमा जसरी यो तिलगंगा आँखा अस्पताल विकास भएर आयो र अहिले यो एउटा विश्वविद्यालय बन्ने क्रममा जसरी अगाडि आएको छ यो ज्यादै नै सराहनीय काम भएको छ यसभित्र खासगरिकन यसको यसलाई यसको चाहिँनी समावेशी चरित्रको सन्दर्भमा असाध्यै राम्रा व्यवस्थाहरू आएका छन् हैन। त्यही त्यसै गरिकन यो अपाङ्गता भएका व्यक्तिहरू त्यसमध्येमा पनि लगभग लगभग २२% जति दृष्टि सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरू रहन्छन् र हामीले हाम्रो चाहिँ जीवनको कुनै न कुनै कालखण्डमा आँखाको उपचारको सन्दर्भमा कहीँ न कहीँ यस्ता खालका सेवा प्रदायक संस्थाहरू चाहिँ आवश्यक पर्ने भएको सन्दर्भमा पनि ती सबै व्यक्तिहरुलाई सहज, सरल र पहुँचयुक्त तरिकाले सेवा पुऱ्याउनुपर्ने व्यवस्थासहित त्यो कर्तव्य सहित यो विधेयक चाहिँ आएको छ। यो प्रतिवेदन सहित आएको विधेयक यो असाध्यै सराहनीय छ, सान्दर्भिक छ। नेपालको एउटा शान नेपालको एउटा इज्जत धान्ने गरिकन यो विश्वविद्यालय बन्ने प्रक्रियामा छ। बरु अलिकति एउटा ध्यान दिनुपर्ने विषय के छ भने यो एउटा अलिकति संक्रमणकालीन अवस्थामा रहन सक्छ यो विधेयक विश्वविद्यालय बनिसके पछाडि नेपाल सरकार र समग्र नेपालीहरुले यसलाई अलिकति लचक भएर हेरिदिनुपर्ने केही समय अलि स्वतन्त्र रुपमा काम गर्नको लागि छोडिदिनुपर्ने। व्यावहारिक रुपमा हेरिदिनुपर्ने अवस्था पनि यसमा रहेको छ। यो समग्रमा नेपाल सरकार र हामी सबैले सहयोग रहनेछ। यो विधेयक असाध्यै सान्दर्भिक छ, आवश्यक छ। म यो विधेयकको समर्थन गर्न चाहन्छु। हवस् त धन्यवाद।

(१५:११ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१५:११ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, आँखा मानव जीवनको एक महत्त्वपूर्ण अंग भएकाले तिलगङ्गा नेत्र विश्वविद्यालय आजको महत्वपूर्ण माग हो। तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ का सन्दर्भमा विधायन व्यवस्थापन समितिमा सम्बन्धित विषयविज्ञहरू सरोकारवालाहरू, तिलगङ्गा नेत्र विश्वविद्यालयका डाक्टर सञ्चालक समिति समेतको उपस्थितिमा व्यापक रूपमा दफावार छलफल गरी समितिद्वारा केही कुराहरू सम्बोधन सहित यो प्रतिवेदन पारित भएको छ। यस विधेयकले तिलगङ्गा नेत्र विश्वविद्यालय एउटा उत्कृष्ट रूपमा सञ्चालन हुने र सर्वसाधारण नागरिकको औषधी उपचारमा सहज बन्न सक्नेछ भन्ने आशा र विश्वास

राखेका छौं। तिलगङ्गा नेत्र विश्वविद्यालयले देशभरका नेत्र ज्योति सङ्घलाई पनि सँगसँगै सँगसँगै राखेर समेट्न सकोस् दक्ष डाक्टरहरु उत्पादन र सहुलियताको आभास र रोजगार दिलाउन सकोस दृष्टिविहीनहरूको आँखा बन्न सकोस भन्ने शुभकामना सहित मैले यस तिलगङ्गा विश्वविद्यालयलाई हार्दिक सम्मान पनि गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

(१५:१२ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म विधेयक प्रस्तुतकर्ता माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:१३ बजे) <u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री विद्या भट्टराई</u>:- सम्माननीय अध्यक्ष महोदय, तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक राष्ट्रिय सभा विधायन समितिबाट प्रतिवेदनसहित प्रस्तुत भएर माननीय सदस्यज्यूहरूले आज यसलाई अन्तिम रुप दिनका लागि छलफलमा समेत समावेश हुनुभएको छ। माननीयज्यूहरूले दिनुभएको सुझाव सल्लाह र जिज्ञासाका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु। छलफलमा भाग लिनु हुने सबै माननीयज्यूहरू प्रति आभार व्यक्त गर्न चाहन्छु। खासगरी यो विश्वविद्यालय नेपालको संविधान धारा ५१ (च) मा उल्लेख भएको शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, मर्म र भावनाअनुसार स्थापित भएको विश्वविद्यालयको रूपमा यसलाई लिन सकिन्छ। नेपालमा उच्च शिक्षामा चिकित्सा तर्फ नेत्र स्वास्थ्यको विधामा गुणस्तरीय शिक्षा प्रदान गर्न अत्यन्त आवश्यक छ। गुणस्तरीय सामग्रीको उत्पादन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ख्याति प्राप्त गरी आँखा स्वास्थ्य सेवाको सहज र सरल पहुँच वृद्धि गर्नका लागि यस क्षेत्रमा प्रविधिको विस्तार, नवीनतम बिधामा अध्ययन अध्यापन मार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक छ भन्ने महसुस गरेर यस विद्यालयको स्थापनालाई अत्यन्त महत्वका साथ उठाइयो। आँखा स्वास्थ्य बिधामा उच्च शिक्षा प्रदान गर्नुपर्ने यस क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापन तथा अनुसन्धान गर्नुपर्ने आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नुपर्ने विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने आँखा उपचार सम्बन्धी वस्तु उत्पादन तथा आँखा स्वास्थ्य क्षेत्रमा नयाँ प्रविधिको विकास तथा विस्तार गर्नुपर्ने

लगायतका विषयहरूलाई बोध गर्दै आँखा स्वास्थ्य सेवाको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्नुपर्ने कुरालाई महत्वका साथ उठाउँदै यस विश्वविद्यालयको ऐन निर्माणमा हामी लागिरहेका छौं। यस विधेयकबाट विश्वविद्यालय स्थापना गर्दाको विश्वविद्यालयको सङ्गठन संरचना हाल सञ्चालनमा रहेका आँखा स्वास्थ्यसँग सम्बन्धी संस्था तथा कार्यक्रमहरूको सम्पत्ति र ती सम्पति सहितको जायजेथाको व्यवस्थापन, तीन तहका सरकारबाट विश्वविद्यालय कोषलाई रकम उपलब्ध गराउन सक्ने व्यवस्था। विश्वविद्यालय अनुदान आयोगबाट रकम उपलब्ध हुनसक्ने व्यवस्था, नेतृत्व र पदाधिकारीहरुको छनौटमा समावेशी मान्यता जस्ता विषयहरूलाई व्यवस्थित गर्दै नेपाल सरकारलाई पर्ने व्ययभार समेत व्यवस्थापन गरिएको छ। विश्वविद्यालयको नीति योजना रणनीति तथा मापदण्ड स्वीकृत गर्ने स्रोत साधनको व्यवस्था गर्ने गराउने प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्बर्धन गर्ने सर्वसाधारणलाई सहज रूपमा आँखा सम्बन्धी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने, आँखा स्वास्थ्य सम्बन्धी शैक्षिक कार्यक्रमको अध्ययन अध्यापन तालिम अनुसन्धान अन्वेषण नवप्रवर्तन र नवीन प्रविधिको विकास तथा विस्तारका लागि स्वदेशी तथा विदेशी विद्यालय विश्वविद्यालय शिक्षण संस्था वा अस्पतालसँग आवश्यकता अनुसार सम्झौता गर्ने लगायतका कार्य गर्न सर्वोच्च निकायको रूपमा संरक्षण परिषदको व्यवस्था गरिएको छ। शैक्षिक कार्यक्रम सञ्चालन तथा शिक्षण अस्पतालको स्थापना र सञ्चालनको लागि स्वीकृति दिने विश्वविद्यालयको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न संघीयताको मर्म र भावनालाई आन्तरिकीकरण गर्दै प्रदेश र स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गर्न कार्यकारी निकायको रूपमा कार्यकारी परिषद्को व्यवस्था गरिएको छ। विश्वविद्यालयको शैक्षिक प्राज्ञिक अनुसन्धान तथा नवप्रवर्तन र प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित, नियमित र गुणस्तरयुक्त बनाउन अध्ययन, अध्यापन मात्र होइन अनुसन्धानकर्ताको योग्यता निर्धारण गर्न शैक्षिक कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्न परीक्षाको मापदण्ड निर्धारण गर्न प्राज्ञिक परिषद्को व्यवस्था गरिएको छ। विद्यार्थी छनौटको आधा र प्रक्रिया तथा सिट सङ्ख्या तोक्ने, परीक्षा व्यवस्थापन गर्ने, उपाधि निर्धारण गर्ने, थपघट वा हेरफेर र खारेज गर्ने शैक्षिक कार्यक्रमको निमित्त चाहिँने पूर्वाधार तथा सुविधा निर्धारण गरी सिफारिस गर्न प्रज्ञा परिषद्को व्यवस्था गरिएको छ। आँखा स्वास्थ्य विज्ञान स्कूल अनुसन्धान तथा नवप्रबर्तन केन्द्र, शिक्षण अस्पताल तथा आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन र बिक्री वितरण गर्न उत्पादन केन्द्र स्थापना र सञ्चालन हुने व्यवस्था गरेको छ। अध्यक्ष विश्वविद्यालयको प्रमुख र संरक्षक परिषदको अध्यक्ष हुने व्यवस्थासहित विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कर्मचारीहरूको व्यवस्था तथा ती पदाधिकारीको काम, कर्तव्य

र अधिकारको समेत व्यवस्था गरिएको छ। विश्वविद्यालयको कोष तथा आय ब्ययको लेखा परीक्षण गर्ने सम्बन्धी स्पष्ट परिभाषा र व्यवस्था गरिएको छ। विश्वविद्यालय गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार सुरक्षित रहने सुनिश्चिता समेत गरेको छ। मनोनयन वा नियुक्त हुने पदाधिकारीहरूले विश्वविद्यालयको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो हित सरोकार वा स्वार्थ रहेको भएमा स्वः घोषणा गर्नुपर्ने प्रावधान राखि स्वार्थको द्वन्द्वबाट प्रभावित हुने/नहुनेमा समेत सचेत गरिएको छ। यो विधेयकबाट हामीले के अपेक्षा लिएका छौं। नेपालको दुर्गम स्थानमा बसोबास गर्नेहरूको दृष्टि सम्बन्धी अपाङ्गता ६५% को समस्या मोतिबिन्दुको कारण भएको र सोको उपचारमा नेपाल आँखा कार्यक्रमबाट प्रभावकारी उपचार भएको देखिएकोमा अझ उपलब्धिमूलक हुनेछ भन्ने विश्वास लिएका छौं। नेपालका प्राविधिक जनशक्तिको अन्तर्राष्ट्रिय ख्याति वृद्धि हुनुमा अतिरिक्त चिकित्सा शिक्षामा आँखा बिधाको अध्ययनमा नेपाल उत्कृष्ट गन्तव्य बन्नेछ। अनुसन्धान मार्फत विश्वविद्यालयले गुणस्तरीय सेवा प्रदान गर्नका लागि सेवालाई समेत स्वास्थ्य सेवालाई समेत प्रभावकारी बनाउने छ। त्यति मात्रै होइन। विश्वस्तरको जनशक्ति उत्पादन गर्न विश्वविद्यालय सक्षम हुनेछ। विश्वका उत्कृष्ट विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य वृद्धि गरी आँखा उपचारमा नेपालको स्थान उँचो भइ राष्ट्रिय आय तथा मान प्रतिष्ठामा वृद्धि हुनेछ। जसले समृद्धि तर्फ नेपाललाई उन्मुख गराउनेछ। नवीनतम प्रविधिको विकास र विस्तारले रोजगारी वृद्धि गर्नेछ। उच्च प्राविधिक जनशक्तिको उत्पादन भइ सक्षम र सबल मानव संसाधनको विकास हुनेछ भन्ने विश्वासका साथ यो विश्वविद्यालयको विधेयक आज हामी छलफल गरिरहेका छौं। मैले दुईटा कुरा यहाँ स्पष्ट रूपमा माननीयज्यूहरूले उठाउनु भएको छ। पहिलो कुरा सुझाव सहित माननीयज्यूहरुले धारणा राखुभएको छ। म धन्यवाद पनि दिन चाहन्छु। मानित विश्वविद्यालय परिभाषा सम्बन्धन नदिने विश्वविद्यालयको रूपमा मात्रै व्याख्या गरियो भने यो अलिकति अपुरो हुन्छ त्यसैले यसमा हामीले शैक्षिक संस्थासहितको मानित विश्वविद्यालयको रूपमा यसलाई निर्माण गर्नुपर्छ भन्ने सुझाव दिनुभएको छ र धेरै माननीय सदस्यज्यूहरूले यो विधेयक आवश्यक छ यसमा आएका बुँदाहरू आवश्यक छन् विधायन समितिले धेरै छलफल गरेर यसलाई परिस्कृत गरेर प्रस्तुत गरेको हुँदा दुईवटा कुरा यहाँ उठाउन चाहन्छु। पहिलो कुरा अहिलेसम्म हामीले कानुनी रुपमा मानित विश्वविद्यालय कस्तो हुने भन्ने कुराको बारेमा हामीसँग कानुन थिएन। यो विश्वविद्यालयको विधेयक हामीले आज छलफल गरिरहँदा अब हामीले नेपालमा मानित विश्वविद्यालयको संरचना कस्तो हुने यो विश्वविद्यालयको दायित्व कस्तो हुने भन्ने कुरामा समेत यो ऐनले स्पष्ट रूपमा व्याख्या गर्न सक्छ। त्यसैले कानुनी रूपमा हामीसँग अपूर्णता रहेको कुरालाई पनि यो ऐन प्रारम्भ भएपछि त्यसले केही

सहज हुनेछ भन्ने विश्वास मैले लिएको छु। अर्को कुरा अहिले पनि खासगरी आँखा उपचार हामी कहाँ अझै पनि सहज छैन सर्वसुलभ छैन यसलाई सर्वसुलभ रूपमा विस्तार गर्नका लागि विश्वविद्यालयको निर्माणले थप ऊर्जा दिनेछ। अझ उचाई थप्नेछ भन्ने कुरा माननीयज्यूहरूले पनि राख्नुभएको छ। यो विधेयकलाई हामीले पास गरिसके पछाडी हामी विश्वविद्यालय नयाँ विश्वविद्यालय मानित विश्वविद्यालय सहितको एउटा फरक विश्वविद्यालय निर्माण गरेर अगाडि बढ्न सक्छौं। सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। र यो विधेयकलाई पास गरेर अगाडि बढाऔं भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१५:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लेखित संशोधनहरू तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले तिल गंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि ६३ सम्म तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, विधेयकको २ देखि ६३ सम्म सर्वसम्मतिले तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा अध्ययन अध्यापन तथा अनुसन्धान गर्न विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न आँखा उपचार सम्बन्धी बस्तु उत्पादन तथा नवीनतम प्रविधिको

विकास र विस्तार गरी आँखा स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः यो ऐनको नाम "तिलगंगा नेत्र विश्वविद्यालय ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम "तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयक प्रस्तुतकर्ता माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई "तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:२७ बजे) <u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री विद्या भट्टराई</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल चैत ६ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल चैत ६ गते बुधबार अपराह्न १ बजेर १५

मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित भयो)।

स्थगितः १५:२८ बजे।